बैठक नं.१७

आज मिति २०८२/०३/०५ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगरसभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभाका सदस्यहरुको उपस्थितिमा नगरसभाको १७ औं अधिवेशनको दोस्रो बैठक बसियो ।

समयः दिनको ५:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

उपस्थितिः

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | बिष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | प्रेमशिला धोवी | सदस्य | |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | आईप्रसाद राई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | |
| ३८ | रतिमाला वि.क. | सदस्य | |
| ३९ | अमृत खड्का | सदस्य | |
| ४० | हरिनारायण मिश्र | सदस्य | |
| ४१ | पुनम थापा | सदस्य | |
| ४२ | गोमा नेपाली | सदस्य | गोमा |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | यमुना श्रेष्ठ |
| ४६ | विन्दु वि.क. | सदस्य | |
| ४७ | अनिल गहतराज | सदस्य | |
| ४८ | श्याम बहादुर थापा | सदस्य | |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | |
| ५० | तारा गहतराज | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२ | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | |
| ५४ | सन्दिप खनाल | सदस्य | |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | तुल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सनीसरा सार्की | सदस्य | |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायाँ देवी दर्नाल | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झविन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | |
| ९० | रेखा वि.क. | सदस्य | |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क. | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

मिति :- २०८२/०३/०५ गते बिहीबार ।
समय :- दिनको ५:३० बजे ।
स्थान :- बुटवल उपमहानगरपालिका सभाहल ।

उपाध्यक्षज्यू, सचिवज्यू एवं सदस्यज्यूहरु
अब म नगरसभाको १७ औं अधिवेशनको दोस्रो बैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

**प्रस्ताव नं. १७.२.१**
आ.व.०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल एवं पारित गर्ने सम्बन्धमा ।
**निर्णय नं. १७.२.१**
अब म प्रथम बैठकको कार्यसूची नं. १ अर्न्तगत टेबुल भएको वार्षिक नीति तथा कार्यक्रम माथि छलफलमा भाग लिने गरी नाम टिपोट गराउनु भएका सभाका सदस्यहरुलाई बढीमा ३ मिनेट भित्रमा आ-आफ्नो भनाई एवं सुझाव राख्नका लागि अनुमति दिन्छु ।
प्रथम बैठकको कार्यसूची नं. १ मा टेबुल भएको बुटवल उपमहानगरपालिकाको आ.व. ०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा देहायका नगरसभाका सदस्यहरु सहभागी हुनुभयो ।

| सि.नं. | नामथर | वडा नं. |
|---|---|---|
| १. | श्री गौतमलाल शाक्य | वडा नं. २ |
| २. | श्री हरिहर ज्ञवाली | वडा नं. ८ |
| ३. | श्री राम प्रसाद पराजुली | वडा नं. १४ |

प्रथम बैठकको कार्यसूची नं. १ अर्न्तगत टेबुल भएको र दोस्रो बैठकको कार्यसूची नं.१ मा रहेको आ.व. ०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफल समाप्त भएको हुँदा छलफलमा सहभागी सदस्यहरुबाट उठान भएका ग्रहणयोग्य नीतिगत सुझावहरुलाई समेत तत्तत् बुँदाहरुमा समायोजन गरी तयार भएको देहाय बमोजिमको वार्षिक नीति तथा कार्यक्रम सभाध्यक्षज्यूबाट पारितका लागि सम्मानित सभा समक्ष निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले देहाय बमोजिमको वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

बुटवल उपमहानगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नगरसभाका सदस्यज्यूहरु,

बैठकलाई व्यवस्थित बनाउन खटिएका राष्ट्रसेवक कर्मचारीहरु,

र पत्रकार एवम् सञ्चारकर्मी मित्रहरु ।

सर्वप्रथम बुटवल उपमहानगरपालिकाको १७ औं अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

बुटवल उपमहानगरपालिकाको तर्फबाट आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवको महसुस गरेको छु ।

यस अवसरमा म नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र परिवर्तनका लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने श्रद्धेय नेताहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

२०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत् निर्वाचित गर्नुहुने आदरणीय बुटवलबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । सम्पूर्ण बुटवलबासीको माया, प्रेम, सद्भाव र विश्वासले बुटवल जस्तो ऐतिहासिक र महत्वपूर्ण उपमहानगरपालिकाको नगर प्रमुख भई यहाँको सेवा, विकास र समृद्धिका लागि अवसर पाउनुलाई मैले आफ्नो जीवनको अत्यन्त महत्वपूर्ण क्षण मानेको छु । यसका लागि सबै तहबाट हरकिसिमका सहयोग गर्नुहुने सबै जनाप्रति हार्दिक आभार र धन्यवाद प्रकट गर्न चाहन्छु ।

**उपस्थित महानुभावहरु,**

हामी निर्वाचित भएको तीन वर्ष पूरा भइसकेको छ । हामीले निर्वाचनमा गरेका वाचा र संकल्प सधैं सम्झिरहेका छौं । तीनै वाचा र संकल्प पूरा गर्ने उद्देश्यका साथ इमान्दारीपूर्वक निरन्तर नगरको काममा खटिइरहेका छौं । कार्यभार सम्हालेको तेश्रो वर्ष पूरा हुँदै गर्दा यसक्रममा लिएका नीतिगत तथा सुधारात्मक उपायको परिणामस्वरुप सकारात्मक नतिजा देखिन थालेको छ ।

स्थानीय सरकारका रुपमा बुटवलको हितका निम्ति हाम्रो साधन स्रोतले सम्भव भएसम्मका कामहरु गरिरहेका छौं । बुटवललाई आर्थिक रुपमा चलायमान बनाउने गरी रात्रीकालीन बजार सञ्चालन गर्नका लागि उज्यालो बुटवल कार्यक्रम अर्न्तगत मुख्य/मुख्य चोकहरुमा हाइमास्ट लाइट जडान, सिसि क्यामेरा जडान, ट्राफिक लाइट जडान, हरियाली प्रवर्द्धनका कामलाई तीब्रता दिएका छौं । जसअनुसार ४३ वटा हाइमास्ट लाइट, ३ स्थानमा ट्राफिक लाइट जडान, १२१ स्थानमा सिसि क्यामेरा जडान गरिएको छ । ३ वटा घुम्ती शौचालयको निर्माण सम्पन्न भएको छ ।

स्थानीय सरकारको मूल समस्याका रुपमा रहेको सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच र लालपूर्जा वितरणले अहिले गति लिएको छ । चालू आर्थिक वर्षमा ५ हजार घरघडेरीको नापजाँच सम्पन्न

भएको छ भने यही असारभित्रमा अरु थप  घरघडेरीको नापजाँच सम्पन्न हुने क्रममा रहेको छ । केहीको सूचना प्रकाशित भै सकेको छ । केही वितरण भएका छन् ।

हामीले बुटवललाई भौतिक पूर्वाधार विकासमा मात्रै नभई मानव संशाधनको विकासमा पनि उत्तिकै चासो दिएका छौं । बुटवललाई शैक्षिक जनशक्ति उत्पादनको हब बनाउने उद्देश्यका साथ यहाँका सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक विकासका निम्ति दरबन्दी थप गर्ने, भौतिक पूर्वाधार निर्माणमा लगानी गर्ने र दक्ष जनशक्ति उत्पादनमा जोड दिएका छौं । बुटवल उपमहानगरपालिकाकै पहलमा आम्दा अस्पतालमा प्रवीणता प्रमाणपत्र तहको नर्सिङ्ग र फार्मेसी एच.ए.को अध्ययन शुरु भएको छ। यस्तै, छात्राहरुलाई प्राविधिक शिक्षामा अब्बल बनाउने उद्देश्यका साथ बुटवल टेक्निकल इन्स्टिच्युटमा ४० जना छात्रालाई निःशुल्क मेकानिकल इन्जिनियरिङ्ग र इलेक्ट्रिकल इन्जिनियरिङ्ग अध्ययन गर्ने व्यवस्था मिलाइएको छ । सीप विकासका क्षेत्रमा नगरप्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम, **मेयर युवा रोजगार प्रवर्द्धन कार्यक्रम** र उपप्रमुख उद्यमशीलता कार्यक्रम अर्न्तगत धेरै जनालाई सिलाइकटाई, बारिष्टा, कम्प्युटर नेटवर्किङ्ग, भिडियोग्राफी, एसी फ्रिज मर्मत, चुरापोते बनाउने, चप्पल बनाउने, परम्परागत पोशाक सिलाउने, पञ्चेबाजा, नौमती बाजा बनाउने तालिम दिइएको छ ।

भौतिक पूर्वाधारतर्फ, महत्वपूर्ण सडकहरु पक्की गरिएको छ ।

छिमेकी पालिकाहरुसँगको सहकार्य र समन्वयलाई थप मजबुत बनाउँदै विकासमा साझेदारी गर्नका लागि अगुवाई गरिएको छ । बुटवललाई उत्कृष्ट पर्यटकीय विश्रामस्थलका रुपमा स्थापित गर्नका लागि भारतदेखि मुक्तिनाथ जाने र चीनदेखि लुम्बिनी आउने पर्यटकहरुलाई सहजीकरण गर्ने र पर्यटन प्रवर्द्धन तथा व्यापार व्यवसाय साझेदारीसमेत हुने गरी बुटवलदेखि कालीगण्डकी करिडोर क्षेत्रका स्थानीय तहहरुसँग सहकार्य गर्ने सहमति गरिएको छ । बुटवललाई आर्थिक केन्द्र बनाउन बर्दघाट देखि चन्द्रौटा सम्मका पालिकाहरुसँग अन्तरक्रिया र गोष्ठी कार्यक्रम राखिने छ ।

तीन तहका सरकारका साझा अधिकार कार्यान्वयनका लागि विगतमा रहेका केही जटिलताहरु समाधान भएका छन् भने केही समाधानको प्रक्रियामा रहेका छन् ।

**उपस्थित महानुभावहरु,**

बुटवललाई स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरणको विकास गरी बस्नयोग्य सहर बनाउने हाम्रो मूल ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । बुटवललाई सबै जातजातिले अपनत्व गर्नसक्ने साझा सांस्कृतिक शहरका रुपमा स्थापित गर्ने र यो शहरलाई पर्यटकीय विश्रामस्थल बनाउने गरी आवश्यक नीति अगाडि सारिएको छ । यस अर्न्तगत सबै जाति, भाषाको तालिम र साँस्कृतिक कार्यक्रमका लागि आवश्यक तालिमको व्यवस्था गरेको छु ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम बुटवल नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**उपस्थित नगर सभाका सदस्यज्यूहरु,**

करीब एक करोड दश लाख वर्ष पुरानो आदिमानव रामापिथेकसको अवशेष फेला परेको स्थान, २ सय १० वर्षअघि वि.सं. १८७२ मा नेपाल-अंग्रेज (तत्कालीन ईष्ट इण्डिया कम्पनी)सँगको युद्धमा विजय हासिल गरेको जितगढी किल्ला रहेको स्थान, ५ सय ६ वर्ष पूरानो पाल्पाली सेनवंशीय राज्यको ग्रीष्मकालीन दरबार रहेको बुटवल-प्राचीन, ऐतिहासिक, पर्यटकीय, व्यापारिक र व्यावसायिक केन्द्रको रुपमा रहेको छ । विगतमा पहाडबाट घ्यू ल्याएर नुन, तेल र कपडा साटेर लैजाने त्यसबेलाको सानो बटौली बजार अहिले देशकै समृद्ध शहरहरुमध्येको एक शहरको रुपमा स्थापित भएको छ ।

आफ्नो भौगोलिक सीमाक्षेत्रभित्र मात्रै नभई पूर्वमा बर्दघाट, पश्चिममा चन्द्रौटा-भालुवाङ, दक्षिणमा बेलहिया नाका र उत्तरमा पहाडका कुना कन्दरासम्मका क्षेत्र बुटवल शहरसँग प्रत्यक्ष रुपमा जोडिएका छन् ।

आगामी दिनमा बुटवलसँग जोडिएका नगरपालिका र गाउँपालिकासँग साझेदारी हुने गरी कार्यक्रम सञ्चालन गर्ने र साझा मुद्धामा सहकार्य गरी अगाडि बढ्ने हाम्रो उदेश्य रहेको छ ।

**उपस्थित उपप्रमुख र सभाका सदस्यज्यूहरु,**

बुटवलबासीलाई सुशासनको अनुभूति दिलाउन सबैले अपनत्व महसुस गर्नसक्ने स्थानीय सरकार, साझा र जनउत्तरदायी जनप्रतिनिधि, राजनीतिक दल र सामाजिक संघसंस्थाबीच मैत्रीपूर्ण सम्बन्ध कायम गरी अन्य स्थानीय सरकार र सरकारी कार्यालयहरुसँगको सम्बन्धलाई सुदृढ बनाउँदै सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउने उद्देश्य हामीले लिएका छौं ।

सबै राजनीतिक दलहरुसँग तथा बुटवल उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखका उपविजेता साथै महत्वपूर्ण संघ संस्थाहरुसँग राय सल्लाह गरेका छौं । प्राप्त राय सल्लाहको सम्बोधन हुने गरी कार्यक्रम राखिनेछ । यसले सहमति, सहकार्य र एकतामा थप बल पुग्नेछ ।

**उपस्थित उपप्रमुख र सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**दीर्घकालीन सोंच तथा रणनीतिहरु**

बुटवल उपमहानगरपालिकाको दीर्घकालीन सोंच 'समानता, स्वाभिमान र अवसर-बस्न योग्य बुटवल शहर' रहेको छ । यस सोंचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन् ।

१. शिक्षा, स्वास्थ्य र सीप तथा रोजगारको क्षेत्रलाई मूख्य प्राथमिकतामा राख्दै कृषि, पर्यटन, उद्योग, व्यापारजस्ता क्षेत्रको समुन्नतिमा जोड दिने ।

२. उज्यालो, सफा, सुन्दर र हरियालीसहितको सुरक्षित र समुन्नत शहरको रुपमा विकास गर्ने ।

३. सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी शहरलाई जीवन्त बनाउने । सबै विद्यालयमा सूचना प्रविधिको ब्यापक प्रयोग गर्ने ।

४. नागरिक बडापत्रलाई कार्यान्वयन गर्दै सेवाप्रवाहलाई जनउत्तरदायी, पारदर्शी र सुशासनयुक्त बनाउने ।

५. मौलिक भाषा, संस्कृति र सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने । यसका लागि सबै भाषा र सांस्कृतिक तालिमको ब्यवस्था गर्ने ।

६. प्राकृतिक जलश्रोत तथा जलाधार क्षेत्रहरुको संरक्षण गर्ने ।

७. बुटवललाई छिमेकी पालिकाहरुलाई समेत गाभेर महानगरपालिकाका रुपमा स्तरोन्नती गर्ने ।

८. **"पढाई सँगै रोजगार कार्यक्रमलाई अगाडि बढाऔं, युवाहरुलाई देशमै रहने वातावरण निर्माण गरौं" । भन्ने नारालाई सार्थक बनाइने छ ।**

९. निजी क्षेत्रहरुलाई हरेक क्षेत्रमा विशेष प्राथमिकता दिईनेछ । निजी क्षेत्र बलियो भएमा स्थानीय सरकार बलियो हुने नीति लिईनेछ । **"बुटवलको सपना, निजी क्षेत्रसँगको सहकार्यमा बुटवलको समृद्धिको परिकल्पना"** भन्ने नारालाई अगाडि बढाईनेछ ।

१०. **"बुटवललाई हरेक क्षेत्रमा पर्यटकीय गन्तब्यको केन्द्रविन्दुको रुपमा विकास गरौं, अबको भविष्य पर्यटकीय क्षेत्रको विकास मार्फत रोजौं" । भन्ने उद्देश्य अनुरुप काम अगाडि बढाइने छ ।**

११. बुटवललाई देशकै आर्थिक केन्द्रको रुपमा विकास गर्न आवश्यक गोष्ठी, सम्मेलन र विज्ञ सहितको कार्यक्रम गरिनेछ ।

१२. **"बालबालिकालाई नैतिक शिक्षासँग जोडौं, सुन्दर समाजको निर्माण गरौं"**भन्ने नाराका साथ नैतिक शिक्षाको प्रवर्द्धन गरिनेछ ।

१३. बुटवलबासीहरुको समस्या, गुनासो र विकास निर्माण सम्बन्धी जानकारी आदान प्रदान कार्यका लागि **चोक चौतारीमा मेयर कार्यक्रम**को शुरुवात गरिनेछ ।

१४. **"मञ्चमा ७ जना भन्दा कमलाई मात्र आसन ग्रहण गराऔं, खादा माला हटाऔं, सामाजिक विकृति रोकौं, तडक भडक कम गरौं"** भन्ने नारालाई कार्यान्वयन गर्दै लगिनेछ ।

१५. **"बुटवललाई सांस्कृतिक पहिचानको समृद्ध शहर बनाऔं, आफ्नै मौलिक साँस्कृतिक कार्यक्रम बढाऔं"** भन्ने नाराका साथ बुटवललाई साँस्कृतिक गन्तव्यको शहर निर्माण गरिनेछ ।

१६. **"बुटवलका किसान, हाम्रो सान"** नाराका साथ कृषि क्षेत्रमा प्रशस्त सुधारका कार्यक्रम ल्याईनेछ ।

१७. सार्वजनिक स्थलमा सुर्ति, गुड्खा, चुरोट सेवन र बेचबिखन नियन्त्रण गर्दै लगिनेछ ।

१८. **गत निर्वाचनमा बुटवल उपमहानगरपालिकाको प्रमुख र उपप्रमुख पदका उपविजेताहरुका लागि नगर प्रमुख उपविजेता र उपप्रमुख उपविजेता कार्यक्रम सञ्चालन गरिनेछ ।**

**आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका विषयगत नीतिहरु**

**(क)शिक्षा**

१. **"शिक्षामा सबल,बुटवल अब्बल"** भन्ने परिकल्पनालाई सार्थक बनाउन 'नगरप्रमुख शैक्षिक विकास कार्यक्रम' सञ्चालन गरी विद्यालयहरुको शैक्षिक तथा भौतिक स्तरलाई वृद्धि गरिनेछ । बुटवलबाट उत्पादित जनशक्तिलाई अन्तराष्ट्रिय बजारमा समेत खपत हुनसक्ने गरी सक्षम बनाउन पाठ्यक्रम बाहेकका सीप, संस्कार, संस्कृति, खेलकुद, नेतृत्व विकास तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई न्यूनतम मापदण्ड अनुरूप भौतिक तथा शैक्षिक पूर्वाधार सम्पन्न बनाइने छ ।

३. **'छोरी पढाऔं, समाज बनाऔं'** कार्यक्रम अन्तर्गत बुटवल टेक्निकल इन्स्टिच्युट मार्फत् ४० जना छात्राहरुलाई निःशुल्क अध्ययन आरम्भ भएकोमा प्रत्येक वर्ष ४० जनालाई निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराइने छ। सो कार्यलाई निरन्तरता दिइने छ ।

४. विद्यालयहरुमा विद्यार्थी भर्नाको समस्या अन्त्य गर्न र भर्ना हुन नपाएर अन्यत्र जानुपर्ने बाध्यता अन्त्य गर्नका लागि बुटवलभित्रका बालबालिकालाई पहिलो प्राथमिकतामा अनिवार्य राख्ने नीति लिइनेछ ।

५. असहाय तथा विपन्न वर्गका विद्यार्थीहरु विद्यालय नजाने, बीचमै पढाई छाड्ने र नियमित नहुने समस्यालाई रोक्नका लागि **'नगरप्रमुख शैक्षिक सुधार कोष'**को स्थापना गरी विपन्न वर्गका बालबालिकालाई आवश्यक छात्रवृत्ति, पोशाक तथा शैक्षिक सामग्री उपलब्ध गराईनेछ ।

६. बीटीआईमा डिप्लोमा तहका इन्जिनियरिङ्ग विषयहरु र बुटवल अटो इन्जिनियरिङ्ग कलेज सञ्चालन गरी अटो इन्जिनियरिङ्गमा स्नातक तह सञ्चालन गर्न आवश्यक नीति तय गरिनेछ ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिदै सिद्धार्थ बाल तथा महिला अस्पतालमा सञ्चालन गरिएको पारामेडिकल तहलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।

८. बालमैत्री, छात्रामैत्री र अपाङ्गमैत्री बन्न बाँकी रहेका विद्यालयलाई यसैवर्ष पर्याप्त श्रोत उपलब्ध गराईनेछ । बालविकास केन्द्रहरूलाई बालविकास  सम्बन्धी न्यूनतम मापदण्ड निर्धारण गरी बाल मनोविज्ञान अनुरूप सुरक्षित र सुविधा सम्पन्न बनाइने छ । नगरभरिमा ५ जना नर्स, ७ जना बालविकास र ७ जना शिक्षकको दरबन्दी थप गरी आवश्यकताअनुसार वितरण गरिनेछ । साथै अपाङ्ग विद्यार्थीहरुलाई पढ्नका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

९. माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुलाई जीवनवृत्ति परामर्श (करिअर काउन्सिलिङ्ग) का कार्यक्रम मार्फत मार्गदर्शन गर्ने नीति लिइनेछ । यसका लागि विशेष व्यवस्था गरिनेछ ।

१०. सबै सामुदायिक विद्यालयहरूलाई पूर्ण प्रविधियुक्त बनाउन प्रविधि मार्फत डिजिटल लर्निङ पोर्टल र कम्प्युटर शिक्षाको प्रयोगलाई विशेष जोड दिइनेछ ।

११. छात्रवृत्ति वितरणलाई एकद्वार प्रणालीमा ल्याउँदै निजी विद्यालयहरुले सबै कक्षामा १० प्रतिशत छात्रवृत्ति अनिवार्य गराई उपमहानगरपालिकाबाट नामावली प्रकाशित  गरिनेछ ।

१२. सामुदायिक विद्यालयमा अध्ययनरत भौगोलिक रूपमा पछाडि परेका तथा विपन्न परिवारका बालबालिकाहरूलाई निःशुल्क पोशाकको व्यवस्था गरिनेछ ।

१३. विद्यालयहरुमा कायम रहेको दरबन्दी र आवश्यक दरबन्दीबारे अध्ययन गरी दरबन्दी मिलान तथा समायोजन गरिनेछ ।

१४. स्थानीय पाठ्यक्रमलाई आवश्यकताअनुसार परिमार्जन गर्दै बुटवलको पहिचान, जातीय पहिचान, भाषा, संस्कृति, सांस्कृतिक कार्यक्रम र नैतिक शिक्षा, लैंगिक हिंसाविरुद्ध, ट्राफिक शिक्षा, योग शिक्षा, सरसफाई सम्बन्धी शिक्षा र लागूपदार्थ दुर्व्यसनी विरुद्धको शिक्षा सम्बन्धी ज्ञान हुने विषयलाई प्राथमिकता दिइनेछ ।

१५. **सरकारी तथा निजी विद्यालयका विद्यार्थी**हरुलाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१६. विद्यार्थीहरुलाई पाठ्यसामग्री माथिको बोझ कम गर्न हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप तथा सिर्जनशील कार्यक्रमका माध्यमबाट संस्कार, संस्कृति, सीप तथा नैतिक शिक्षा, खेलकुद, विज्ञान प्रविधि, पर्यटनजस्ता विषयहरुप्रति आकर्षण बढाउने नीति लिइनेछ । सूचना र प्रविधिको प्रयोग गरी नयाँ नयाँ अनुसन्धान तथा आविष्कार गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ ।

१७. सीप सम्बन्धी जुनसुकै तालिम लिएकाहरुले हाम्रो बुटवल पुस्तक अध्ययन गर्नुपर्ने नीति लिईनेछ ।

१८. शिक्षा र खेलकुदको छुट्टाछुट्टै बुलेटिन प्रकाशित गरिनेछ ।

१९. बालबालिकाहरुसँग नगर प्रमुख कार्यक्रम वर्षमा २ पटक सञ्चालन गरिनेछ ।

२०. क्याम्पसका विद्यार्थीहरुसँग नगर प्रमुख कार्यक्रम वर्षमा २ पटक सञ्चालन गरिनेछ ।

२१. फरक क्षमता भएका लैङ्गिक अल्पसंख्यकहरुको क्षमता विकास सम्बन्धी तालिम र सीप सम्बन्धी तालिम कार्यक्रम राखिनेछ ।

२२. फरक क्षमता भएका विद्यार्थीहरुलाई अध्ययन अध्यापनका लागि विशेष व्यवस्था गर्नका लागि प्राथमिकता दिईनेछ ।

२३. बुटवल उपमहानगरपालिका स्वयंले नै BTI सञ्चालन गर्ने नीति लिईनेछ ।

**(ख) जनस्वास्थ्य**

१. वडा नं. ९ मा स्वास्थ्य केन्द्र शुरु गरिनेछ ।

२. जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा औषधि उपचारका लागि **'बाआमासँग नगरप्रमुख कार्यक्रम'**लाई थप व्यवस्थित गरी त्रैमासिक अभियानका रुपमा सञ्चालन गरिनेछ ।

३. जटिल रोगहरुको राहत यथावत राखिनेछ ।

४. सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा)बाट प्रदान हुने सेवा सुविधालाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । २ सय बेडको अस्पताल र आमा सुरक्षा कार्यक्रम लागू गरिनेछ ।

५. १८ वर्ष मुनिका एच.आई.भी. संक्रमित बालबालिकाहरुलाई पोषणस्थिति सुधार गर्न मासिक रुपमा पोषण भत्ता बापत् रु. ३ हजार उपलब्ध गराइने छ ।

६. बुटवलबासीको उपचारका क्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थको शुल्क हटाउन रक्तसञ्चार केन्द्रलाई उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

७. सार्वजनिक निजी साझेदारीमा बुटवल ११ मा १ सय बेडको सुविधा सम्पन्न ट्रमा अस्पताल स्थापना गरिनेछ ।

८. वडा नं. १२ र वडा नं. १७ मा निर्मित अस्पतालमा डाक्टरको दरबन्दी राखी सञ्चालन गर्ने र वडा नं. १३ मा निर्मित अस्पताल भवनलाई बुटवल फिजियोथेरापी अस्पतालका रुपमा सञ्चालन गरिनेछ ।

९. महिलाहरुको पाठेघर, स्तन क्यान्सर, भिडियो एक्सरे तथा अन्य स्वास्थ्य परीक्षणका लागि शिविर सञ्चालन गर्ने र उपचारमा सहुलियत प्रदान गरिनेछ ।

१०. **स्वस्थ शरीर स्वस्थ मन** भन्ने अभियानका साथ नगरबासीको स्वास्थ्य अवस्थालाई सुदृढ गर्नको लागि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह, टोल विकास संस्था, सामाजिक स्वास्थ्य संस्था, युवा क्लब, बाल क्लब जस्ता संस्थाहरुलाई स्वास्थ्य सम्बन्धी कार्यमा परिचालन गरिनेछ र उत्कृष्ट कार्य गर्ने संस्थालाई सम्मान गर्ने नीति लिइनेछ ।

११. स्वस्थ जीवनशैलीका लागि योग भन्ने नीति अवलम्बन गरी योगका कार्यक्रमहरु प्रशस्त मात्रामा राखिनेछ । हरेक घर घरमा योगको प्रचार प्रसार गरिनेछ ।

१२. महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै उत्कृष्ट महिला स्वास्थ्य स्वंयमसेविकालाई पुरस्कृत गर्ने र सेवा अवधि पूरा गरी अवकाश हुने स्वंयमसेविकालाई सम्मानजनक बिदाईको व्यवस्था गर्दै स्वास्थ्य स्वंयमसेविंकाको संख्या पचास प्रतिशतसम्म थप गरिनेछ ।

१३. बालबालिकाको खोप कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्न प्रत्येक वर्ष पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४.निजी क्षेत्रबाट सञ्चालित अस्पताल, नर्सिङ होम, रिसर्च सेन्टरजस्ता स्वास्थ्य संस्थाहरुलाई विपन्न वर्गका लागि दिनुपर्ने सुविधाको नामावली नगरमा उपलब्ध गराउँदै सार्वजनिक गर्न अनिवार्य गर्ने र आफ्नो आम्दानीको केही प्रतिशत रकम सामाजिक क्षेत्रमा लगानी गर्न र नगरका स्वास्थ्य सम्बन्धी कार्यक्रममा साझेदारी गर्नका लागि प्रोत्साहित गरिनेछ ।

१५. सरकारी अस्पताल र निजी अस्पतालमा सामाजिक दायित्व भित्र सेवा पाएका ब्यक्तिहरुको नामावली संकलन गरी बुटवल उपमहानगरपालिकाबाट प्रकाशित गरिनेछ ।

**(ग) राजश्व श्रोत परिचालन तथा वित्त व्यवस्थापन**

१. **'समयमै कर तिर्नु नागरिकको दायित्व मात्र होईन, सम्मान पाउने अवसर पनि हो'** भन्ने भावना जगाउन राजस्व संकलन अभियान र करदाता सम्मान जस्ता प्रवर्द्धनात्मक र प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२. नगरक्षेत्रभित्र सञ्चालन भएका सबै प्रकारका व्यवसायहरुको दर्ता एवं नवीकरणलाई अनिवार्य गर्न अभियान सञ्चालन गरी करको दायरामा ल्याइनेछ ।

३. तोकिएको समयावधि भित्र कर दाखिला गर्ने करदाताहरूलाई करमा छुट प्रदान गरिनेछ ।

४. अव्यवस्थित रूपमा छरिएका ठेला गाडीलाई रात्रीकालीन बजारमा घुम्ती रेष्टुरेण्टका रुपमा सञ्चालन गर्ने नीति लिई सबै प्रकारका गाडीहरु, साइकल, डोका, पोका, झोलाजस्ता साना खुद्रा व्यवसायीहरूलाई करको दायरामा ल्याइ आवश्यकताअनुसार स्थान तय गरी नगरबाट सञ्चालन अनुमति दिइनेछ । रात्रीकालीन बजारलाई व्यवस्थित गर्ने उदेश्यले ठेला गाडी सञ्चालनमा प्रोत्साहन दिइनेछ । तर, अनुमति नलिई सञ्चालनमा रहेका त्यस्ता व्यवसाय सञ्चालनमा रोक लगाइनेछ ।पुराना बसहरुलाई मर्मत गरी घुम्ती रेष्टुरेण्टहरु सञ्चालन गरिनेछ ।

५. भूमिकर, सम्पत्ति कर, पेशा व्यवसाय कर र घरजग्गा बहाल कर लगायतका विभिन्न कर, शुल्क, दस्तुर सफ्टवेयरको माध्यमबाट वडाबाटै असुली भईरहेकोमा सो कार्यलाई थप व्यवस्थित गर्दै करदातामैत्री, प्रविधिमैत्री र प्रभावकारी बनाइने छ ।

६. विज्ञापन करमा भएको समस्या समाधान गरी मनोरञ्जन करलाई थप व्यवस्थित गर्दै नयाँ करका क्षेत्रहरु पहिचान गरी करको दायरा फराकिलो बनाइनेछ ।

७. आय ठेक्का मार्फत् सटर बहालमा लिएका व्यवसायीहरूको ठेक्का सम्झौता भए बमोजिम ३ महिनासम्मको बक्यौता राखी भुक्तानी नगर्ने व्यवसायीहरूलाई पहिलोपटक सचेत गराउने र ३ महिनाको बक्यौता नतिर्नेको सम्झौता रद्द गर्ने र सटर बन्द गर्ने प्रक्रिया अवलम्बन गरी असुल उपर गर्न बाँकी बहाल असुलीका लागि कानूनी प्रक्रिया अपनाईनेछ ।

८. ई–रिक्सा र टेम्पुको नवीकरण र रूट ईजाजत दिने प्रक्रियालाई थप व्यवस्थित र नियमन गर्दै वार्षिक रुट इजाजत दस्तुरलाई परिमार्जन गरिनेछ। दर्ता नभएका ई-रिक्सा सञ्चालनमा रोक लगाईनेछ ।

९. एकल महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्ति ई-रिक्सा र टेम्पुको सवारी धनी भई स्वयम् चालक भएकाहरुलाई प्रोत्साहन गर्न नवीकरणमा २५ प्रतिशत र स्वरोजगार महिला सवारी धनी र चालकलाई प्रोत्साहन गर्न नवीकरणमा १५ प्रतिशत छुट दिइनेछ ।

१०. आफै वा सगोल (एकाघर सदस्य) ले नगरपालिकालाई बुझाउनुपर्ने कर, शुल्क, दस्तुर समयमा भुक्तान नगरी बक्यौता राख्ने करदातालाई प्रदान गरिने कुनैपनि सिफारिश, सेवा, सुविधा रोक्का गर्न सकिने व्यवस्था मिलाइनेछ । साथै, सिफारिस दिनु पूर्व कर, शुल्क, दस्तुर बुझाउन प्रेरित गर्दै आफ्नो घर/जग्गामा उद्योग व्यवसाय सञ्चालन गर्न बहालमा दिएमा उक्त व्यवसायको दर्ता एवं नवीकरण अनिवार्य गर्न लगाई घर/जग्गाधनीलाई सिफारिस प्रदान गरिनेछ ।

११.योजनाहरूको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरू र योजनाबाट लाभान्वित उपभोक्ताहरूलाई आफूले बुझाउनु पर्ने बक्यौता भूमिकर, सम्पत्तिकर, व्यवसाय कर र बहालकर चुक्ता गर्न अनिवार्य गरिनेछ ।

१२. नगरको स्वामित्व, संरक्षण वा भोगाधिकारमा रहेको भवन, जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रूपमा परिचालन गरिनेछ ।

१३. नदीजन्य पदार्थ, ढुंगा, माटो, खनिज, वनजन्य लगायतका प्राकृतिक श्रोतहरुको विधिसम्मत अधिकतम उपयोग गरी आयश्रोत वृद्धि गरिनेछ । अवैध चोरी निकासी गर्ने र दोहन गर्ने कार्यलाई कडाई गरिनेछ । नगरको सीमा सम्बन्धी अलमल भएका स्थानहरुमा आवश्यकताअनुसार समन्वय गरी समाधान गरिनेछ ।

१४. नगरको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमीलाई पूर्ति गर्न संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार तथा संघ-संस्था र निजी क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रसँग समन्वय र सहकार्य गरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।

१५. विद्युतीय भुक्तानी प्रणाली तथा विद्युतीय भुक्तानी हस्तान्तरणलाई थप प्रभावकारी र सेवाग्राहीमैत्री बनाउँदै करदातालाई विद्युतीय माध्यमबाट कर तिर्ने बानीको विकास गर्दै लगिनेछ ।

१६. नगर क्षेत्रभित्र सञ्चालन भएका हाटबजारहरूको पूर्वाधार विकास र सुदृढीकरण गर्दै सडक क्षेत्रको व्यापार व्यवसायलाई निरुत्साहित गर्दै हाटबजारमा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१७. अव्यवस्थित बसोबास क्षेत्रमा आधारभूत सेवाप्रवाहलाई थप व्यवस्थित गर्न त्यस्ता क्षेत्रमा निर्मित संरचनाहरु घर, टहरामा गरिने पेशा व्यवसायमा व्यवसाय कर र संरचना बहालमा बहाल कर असुली गर्ने नीति अबलम्बन गर्दै करको दायरामा ल्याइनेछ ।

१८. बेरुजु, असुली र अनियमित खर्चलाई कानून बमोजिम फर्छयौट गर्दै आर्थिक पारदर्शितालाई सबल बनाउन आन्तरिक लेखा परीक्षणमा विशेष जनशक्ति परिचालन गरिनेछ ।

१९. राजश्वका सबै सम्भाव्य श्रोतहरूको पहिचान गर्न सम्भाव्यता अध्ययन गरी सोही अनुसार कार्यान्वयन गरिनेछ । एजुकेशन कन्सल्टेन्सी, वैदेशिक रोजगार व्यवसाय, संघ र प्रदेशमा दर्ता भएका सहकारीहरु जस्ता दर्ता तथा सूचीकृत नभई सञ्चालनमा रहेका विभिन्न क्षेत्रका व्यवसायलाई सूचीकृत हुन अनिवार्य गर्दै नियमन गरिने छ ।

२०. लुम्बिनी बस टर्मिनलको सुदृढीकरणलाई मुख्य प्राथमिकतामा राख्दै यात्रु सेवामैत्री बनाउन विद्युत, शुद्ध खानेपानी, व्यवस्थित खाजा घर, सफा शौचालय र स्नानघर, निःशुल्क वाईफाई, सुरक्षित विश्रामस्थल निर्माण गरी सुविधासम्पन्न बसपार्क बनाइनेछ ।

२१. बुटवलको मुख्य सडकक्षेत्रलाई व्यवस्थित र बहुउपयोगी बनाउन पैदलयात्री लेन, पार्किङ लेन निर्धारण गरी आवश्यकता अनुसार स-साना पार्क, विश्राम चौतारी, फल्चा, सार्वजनिक शौचालय, पिउने पानीको व्यवस्था थप गरी आवश्यकताअनुसार पार्किङ क्षेत्रहरु तोकिनेछ । २५ फुटे सडकमा अबदेखि निर्माण कार्य गर्दा २/२ फुट पैदलयात्रीलाई र बाँकीमा यातायात सञ्चालन हुने गरी सडक निर्माण गरिनेछ ।

२२. कवाड (पून: प्रयोग योग्य वस्तु) को व्यवस्थित गर्न छुट्टै कवाड व्यवस्थित क्षेत्र निर्धारण गरी सबै कवाड व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ ।

२३. नगरका पूराना र उपयोग विहिन मालसामानलाई आवश्यकताअनुसार लिलाम बिक्री गरी राजश्व वृद्धिको नीति लिइनेछ ।

२४. विभिन्न मितिहरुमा विभिन्न संघसंस्थाहरुसँग गरिएका सम्झौताहरुलाई समय सापेक्षित रुपमा पुनरावलोकन तथा खारेज गर्ने नीति लिइनेछ ।

२५. नगरक्षेत्रभित्र सार्वजनिक स्थानमा निर्माण भएका सामाजिक संस्थाहरु र सामाजिक संस्थाहरुले बहालमा लगाएका संरचनाहरुको बहालकर नगरबाट असुल गरी व्यवस्थित गर्ने नीति लिइनेछ ।

२६. बुटवल उपमहानगरपालिकाबाट रुट इजाजत अनुमति प्राप्त ई–रिक्सा/टेम्पुहरुमा बुटवलको पूरातात्विक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय पहिचान झल्कने प्रचार सामग्रीसहित एउटै रङ्गका बनाउन अनिवार्य गरिनेछ । त्यसरी प्रचार सामग्री राख्नका लागि ई–रिक्सा चालकहरुलाई प्रोत्साहन गरिनेछ ।

२७. राजश्व संकलनका लागि दैनिक २०० रुपैया OJT भत्ता दिएर १०० जना स्नातक र स्नातकोत्तर पढ्ने विद्यार्थीहरुलाई ३ महिना पढाईसँग रोजगार कार्यक्रम अर्न्तगत राजश्व उठाउन परिचालन गरिनेछ ।

२९. बसपार्कलाई यात्रुमैत्री बनाईनेछ । बस पार्किङ्गको लागि आवश्यक पूर्वाधार विकास गरिनेछ तथा नगर क्षेत्रभित्रका गाडीहरुलाई सर्भिस लेनको प्रबन्ध गर्ने र तिनाउँ पुल नजिक पार्किङ्गको व्यवस्थापन गरिनेछ ।

३०. ५०० वटा EV बस वा MICRO गाडी सञ्चालन प्रकिया अगाडि बढाईनेछ ।

३१. यस वर्ष ३०० वटा MAGIC गाडी (१५ सिटे) सम्मको सञ्चालन गरिनेछ ।

३२. आवश्यकता अनुसार E-CHARGING CENTER निर्माण गरिनेछ । माग अनुसार स्थापना गर्न दिईनेछ ।

३३. वर्तमान आर्थिक गतिविधिमा देखिएको शिथिलताका कारण नगरवासीको दैनिक जीवनमा परेको आर्थिक असरलाई मध्यनजर गरी तोकिएको समयावधि भित्र कर दाखिला गर्ने करदाताहरूलाई करमा छुट प्रदान गरिनेछ । नयाँ करका क्षेत्रहरू पहिचान गरी करको दायरा थप गरिनेछ ।

३४.विद्युतीय ई-रिक्साको महिला सवारीधनी भई स्वयं चालक समेत भएका स्वरोजगार महिला, यौनिक अल्पसंख्यक र एकल महिलाहरूलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३५.नगरको स्वामित्व, संरक्षण वा भोगाधिकारमा रहेको भवन, जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रूपमा परिचालन गरिनेछ । उपमहानगरपालिकाको सम्पत्ति वहाल व्यवस्थापन र आय ठेक्काको व्यवस्थापनलाई प्रविधिमैत्री बनाइनेछ ।

३६.SUTRA को राजश्व मोड्युल मार्फत विद्युतीय भुक्तानी (E-Payment) प्रणालीलाई थप प्रभावकारी र सेवाग्राहीमैत्री बनाउँदै करदातालाई विद्युतीय माध्यमवाट कर तिर्ने बानीको विकास गर्दै लगिनेछ ।

३७. महिला संचालक (प्रोप्राईटर) भई उद्योग, व्यापार व्यवसाय संचालन गरी महिलाहरुलाई रोजगारी प्रदान गर्ने महिला उद्यमीहरुलाई व्यवसाय दर्ता एवं करमा प्रदान गरिँदै आएको सहुलियतलाई निरन्तरता दिईनेछ । (संघीय ऐन बमोजिम हुनेछ )

३८. खाली रहेका १५ वटा सटर कोठाहरु कृषि र फलफुल उत्पादन गर्ने अन्तर स्थानीय पालिकाका किसानहरुलाई G TO G Model मा उपलब्ध गराउने नीति लिइने छ ।

(घ) **कानून, स्थानीय सेवा,सुशासन र मानवअधिकार प्रवर्द्धन**

१. संविधान बमोजिम स्थानीय सरकारका एकल अधिकार र कानून निर्माण गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्ने र सोहीअनुसार आवश्यक कानून निर्माणमा जोड दिइनेछ । साझा अधिकारका सन्दर्भमा निर्माण हुन बाँकी रहेका कानूनहरु निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

२. कर्मचारी संगठनलाई अनुशासित, मर्यादित तथा जवाफदेही, मितव्ययी, कार्यकुशल र चुस्त दुरुस्त राख्न कर्मचारीको क्षमता र क्रियाशीलताका आधारमा व्यवस्थित गर्दै गुण र दोषअनुसार पुरस्कृत र दण्डित गर्ने व्यवस्था गरिनेछ । सेवाग्राहीको काममा ढिलासुस्ती गर्ने र अनावश्यक झन्झट सिर्जना गर्ने कर्मचारीलाई जवाफदेही बनाउँदै आवश्यकताअनुसार जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ । रिक्त पदहरुमा कानून बमोजिम कर्मचारीको पदपूर्ति गरिनेछ ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका आवश्यक थप ऐन कानूनहरु सरोकारवाला र विज्ञ समेतको राय परामर्शमा तर्जुमा गरिनेछ । र आवश्यकता अनुसार परिमार्जन समेत गरिनेछ ।

४. कर्मचारीहरुलाई थप जिम्मेवार र जवाफदेही बनाउन आफुले सम्पादन गरेको काम कारबाहीहरुको स्वमूल्यांकन समेत हुनेगरी मासिक कार्य प्रगति रिपोर्ट कार्यालय प्रमुख समक्ष र कार्यालय प्रमुख मार्फत् नगर प्रमुख समक्ष पेश गर्ने व्यवस्था मिलाईनेछ ।

५. जनघनत्व र सेवा प्रवाहको चापलाई मध्यनजर गरी वडा कार्यालयहरुलाई ३ तहमा बर्गीकरण गरिनेछ र सोही आधारमा वडाहरुमा जनशक्ति, भौतिक पूर्वाधार र स्रोत साधन सम्पन्न बनाई सेवा प्रवाहलाई

थप व्यवस्थित गर्ने नीति लिइने छ । **साथै कार्यसम्पादनका सूचक बनाई उच्च अंक ल्याउने वडालाई उत्कृष्ट वडा घोषणा गरी प्रोत्साहित गर्न पहल गरिनेछ ।**

६. बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको नगरप्रहरी बल तथा वारूणयन्त्र तर्फको जनशक्तिलाई व्यवस्थित रुपमा परिचालन गर्नका लागि स्रोत साधन सम्पन्न गराई चुस्त दुरूस्त बनाइनेछ । नगर प्रहरी सेवालाई वडावासीको सहयोगी भुमिका निर्वाह गर्ने संगठनको (Pro-active) रुपमा विकास गरिनेछ ।

७. प्रदेशको कानून र नियमावंली बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) गरिनेछ र कर्मचारीहरु दोहोरो सहमतिको आधारमा सरुवा वा लोकसेवाबाट पदपूर्ति गर्ने नीति लिईनेछ ।

८. मुस्ताङ्गको घरपझोङ गाँउपालिका र स्याङ्गजाको कालीगण्डकी गाउँपालिकासंग भगिनी सम्बन्ध कायम गर्दै ज्ञान, सीप, पूँजी र प्रविधिलाई सामाजिक, आर्थिक, मानव संशाधन तथा भौतिक विकासमा उपयोग गर्ने नीति लिइनेछ ।

९. नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा जिन्सी खातालाई चुस्त दुरुस्त राख्दै जिन्सी सामग्रीहरुको अभिलेखिकरणलाई समयसापेक्ष अद्यावधिक गरिनेछ ।

१०. महत्त्वपूर्ण अभिलेख, नक्शा तथा ऐतिहासिक दस्तावेजलाई सुरक्षित गर्ने तथा सोको अभिलेखलाई व्यवस्थित गर्न डिजिटलाइजेसन लगायतको उपयुक्त विधि अवलम्बन गरिनेछ ।

११. कार्यालयमा प्रयोगबिहीन अवस्थामा रहेका सवारीसाधनहरूको समयमै मर्मत सम्भार गरेर उपयोग गर्ने वा लिलाम बिक्री वा हस्तान्तरण गरेर सम्पत्ति व्यवस्थापन गरिनेछ ।

१२. सेवा प्रवाहलाई थप सरल, सहज र गुनासो रहित बनाउन सेवा प्रणालीलाई छिटो छरितो र डिजिटल प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३. नगरकार्यपालिकाको कार्यालय अर्न्तगतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई सेवाग्राहीमैत्री बनाउन सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, सुझाव संकलन जस्ता नागरिकसँगका छलफल र अन्तरक्रियालाई थप व्यवस्थित र नियमित बनाइनेछ ।

१४. संघ सरकार र प्रदेश सरकार समक्ष सुमधुर सम्बन्ध कायम राखी बुटवललाई आर्थिक केन्द्र बनाउन बल पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. भ्रष्टाचार शुन्य सहनशीलताको नीति अवलम्बन गरी सुशासन कायम गर्ने कार्यलाई मुख्य विषय बनाईनेछ ।

१६. स्थानीय सरकारलाई अब्बल बनाउने उद्देश्यका साथ राजनीतिक दल, पूर्व जनप्रतिनिधि तथा प्रमुख उपप्रमुख पदका उपबिजेताहरु, छिमेकी स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित विषय विज्ञहरुसँग अनुभव आदान प्रदान गर्ने र विकासका साझा सवालमा समन्वय र सहकार्य गरिनेछ ।

१७. वडास्तरका योजना तथा कार्यक्रमको कार्यसम्पादन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने जस्ता कार्य वडाबाटै गर्ने र नगरस्तरीय योजना तथा कार्यक्रमको स्वामित्व वडामा रहने व्यवस्था मिलाइनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने वडालाई मापदण्ड तय गरी उत्कृष्ट वडा घोषणा गरिनेछ । नगरबाट गरिने योजनाहरुको टुङ्गो नगरपालिकाबाट मात्र लगाउने व्यवस्था गरिनेछ । वडाहरुबाट हरेक दिन योजनाको सिफारिस पठाउने व्यवस्थाको अन्त्य गरिनेछ ।

१८. नगरस्तरीय बजेट नगरप्रमुखको सिफारिशमा आवश्यकता र प्राथमिकताका आधारमा संशोधन गर्ने नीति अवलम्बन गरिनेछ । नगरस्तरीय योजना लागू गर्ने सन्दर्भमा परिवर्तन गर्न र संशोधन गर्न प्रमुखको सिफारिस अनिवार्य गरिनेछ ।

१९. बुटवल उपमहानगरपालिकामा रहेको न्यायिक समितिको प्रयास र आपसी समझदारीमा मेलमिलापको माध्यमबाट विवाद निरुपण गराई विवादित पक्षहरुबीच सामाजिक सद्भाव र सहिष्णुता कायम राखिने छ ।

२०. मेलमिलापकर्ताहरुलाई वडास्तरमा परिचालन गरी वडातहमा भएका विवाद, समस्यालाई समाधान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१. नगरभित्र बाल अधिकार, महिला अधिकार तथा मानव अधिकार संरक्षण गर्नका लागि आवश्यक नीति अवलम्बन गरिनेछ । नगरलाई विपन्न वर्ग, दलित, महिला, अल्पसंख्यक, मुस्लिम, आदिवासी जनजाति, मधेशी, थारु समुदायको हितमा हुने गरी क्षमता विकास तथा आत्मनिर्भरमुखी कार्यक्रम सञ्चालनको नीति लिइनेछ । सबै उपसमितिहरुका बैठक कम्तीमा ३ महिनामा १ पटक अनिवार्य बस्ने गरी व्यवस्था मिलाईनेछ ।

२२. नगर प्रमुख र उपप्रमुख उपविजेता कार्यक्रम लागु गरी उपविजेतासँग सहकार्य कार्यक्रम राखिनेछ ।

**(ङ) सूचना तथा सञ्चार प्रविधि**

१. डिजिटल पालिका र ई–पालिका अवलम्बन गरी सार्वजनिक सेवाप्रवाहलाई प्रविधिमुखी बनाईनेछ ।

२. उपमहानगरपालिका सम्बद्ध सूचना तथा तथ्याङ्कलाई एकीकृत र व्यवस्थित गर्न डाटा बैंकको स्थापना गरिनेछ ।

३. संघ र प्रदेशमा दर्ता भई नगरभित्र सञ्चालनमा रहेका रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाईन सञ्चार माध्यम, विज्ञापन एजेन्सी जस्ता सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित संस्थाहरुलाई नगरमा सूचीकृत गरी राजश्वको दायरामा ल्याउँदै प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. संविधानप्रदत्त अधिकार बमोजिम सञ्चार माध्यमको दर्ता तथा सूचीकृत गर्दै आवश्यक नियमन तथा व्यवस्थापन गर्नका लागि सञ्चार नीति तथा ऐन तर्जुमा गरिनेछ ।

५. बुटवलका पर्यटकीय स्थलहरुको प्रवर्द्धन, नगरका गतिविधि र उपलब्धिहरुलाई जनमानस समक्ष पुऱ्याउनका लागि सञ्चारसंस्थाहरुसँग सहकार्य गरिनेछ । यस क्षेत्रको प्रवर्द्धनका लागि पुस्तक, वृत्तचित्र, नाटक, गीतसंगीत र चलचित्र निर्मातालाई सामग्री उत्पादनमा प्रोत्साहित गरिने छ ।

६. सूचना प्रविधिको प्रयोगबाट जनतामा सूचनाको पहुँच बढाउन वेबसाइट, मोबाइल एप, डिजिटल डिस्प्लेलाई थप प्रभावकारी बनाइनेछ ।

७. नगरको सौन्दर्यलाई कायम राख्दै विभिन्न स्थानमा होर्डिङ्ग वोर्ड, विद्युतीय डिस्प्ले, विज्ञापन टावर, भित्ते लेखन र उच्च बेलुन जस्ता बाह्य विज्ञापन प्रदर्शन गर्न, राख्न वा जडान गर्न अनुमति दिदै विज्ञापन नीतिअनुसार कार्यान्वयन गरिनेछ ।

८. नगरभित्र कार्यालय स्थापना गरी सञ्चालन हुने केवल टेलिभिजन, इन्टरनेट र ड्रोन सेवाजस्ता सबै प्रकारका सञ्चार सेवा प्रदायक संस्थाहरुलाई दर्ता, सूचीकृत र नियमन गर्ने नीति लिई सार्वजनिक स्थल कुरुप देखिने गरी राखिएका अनावश्यक तारहरु वडास्तरबाटै नियमन गरी हटाउने अभियानलाई निरन्तरता दिइनेछ ।

९. सञ्चार माध्यमहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने गरी सञ्चारग्रामको अवधारणालाई कार्यान्वयन गर्न पहल गरिनेछ ।

१०. बुटवलका कार्यक्रमहरु टि.भि., एफ.एम., पत्रिकाका साथै सामाजिक सञ्जालहरुबाट कार्यक्रम सम्झौता गरी कार्यक्रमको आधारमा सञ्चालन गरिनेछ ।

११. हाईमास्ट लाईटहरुमा डिजिटल डिस्प्ले राखि नगरका विकास सम्बन्धी कार्यक्रमहरुको नगरबासीहरुलाई जानकारी गराईनेछ ।

१२. हरेक महाशाखाबाट वर्षमा २ वटा आफ्ना कार्यक्रम समेटेर बुलेटीन अनिवार्य निकाल्ने व्यवस्था मिलाईनेछ । यसबाट सबै महाशाखा, शाखाबाट भएका गतिविधिहरु सबैले थाहा पाउन सजिलो हुनेछ ।

१३. सबै वडाहरुले वर्षमा एक पटक ब्रोसर निकाली आफ्नो वडामा वडा मार्फत भएका काम र नगर मार्फत भएका कामको जानकारी वडाबासीलाई गराउनुपर्नेछ ।

१४. वडाको समेत सहभागिता रहने गरी CCTV जडान प्रकिया अगाडि बढाइने छ ।

## च) युवा तथा खेलकुद

१. खेलाडी उत्पादनमा जोड दिदै नगरका विद्यालयहरुका बीचमा विद्यालयस्तरीय मेयर कप फुटबल प्रतियोगिता कार्यक्रमलाई नगरकै प्रमुख खेलका रुपमा निरन्तरता दिइनेछ ।

२. बुटवल उपमहानगरपालिकाको संरक्षकत्वमा रहेको तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको सञ्चालन र व्यवस्थापनका सम्बन्धमा पुनःविचार गरी नियमित र व्यवस्थित गरिनेछ ।

३. विभिन्न खेल विधामा नयाँ खेलाडी, खेलकुद शिक्षक/प्रशिक्षक, रेफ्री, अम्पायरहरु उत्पादन गर्न तथा पूराना खेलाडी र प्रशिक्षकको क्षमता विकास गर्न प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ । एन्फा एकेडेमीलाई थप व्यवस्थित गर्दै नियमित सञ्चालनको नीति लिइनेछ ।

४. विभिन्न विधाका खेलहरुमा बुटवल उपमहानगरपालिकाको तर्फबाट सहभागी हुने टीमहरु छनौट गरी आवश्यक सेवासुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ । क्रिकेट खेल र फुटबल खेलमा प्रशिक्षण लिने खेलाडीहरु छनौट गरी उनीहंरुको अध्ययन र प्रशिक्षण खर्च नगरले बेहोर्ने नीति अवलम्बन गरिनेछ ।

५. वडा नं.१३ को जबईमा राष्ट्रियस्तरको फुटबल खेलमैदान र बुटवल १६ को डहरगाउँमा क्रिकेट रंगशाला निर्माण गर्न प्रदेश र संघ सरकारसँग पहल गरिनेछ ।

६. बुटवल नगरस्तरीय वीपी कोइराला फुटबल, सन्तनेता कृष्णप्रसाद भट्टराई स्मृति कप,जी.पी कोईराला महिला भलिबल, मनमोहन स्मृति कप, मदन भण्डारी स्मृति कप, शैलजा साहना महिला भलिबल प्रतियोगिता, शहीद स्मृति कप प्रतियोगिता र कर्णेल उजिरसिंह ब्याडमिन्टन, जनप्रतिनिधि र पेशागत संस्थाहरुका बीचमा खेलकुद कार्यक्रमलगायतका विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

७. अन्तराष्ट्रिय, राष्ट्रिय र प्रदेशस्तरका खेलकुद कार्यक्रममा उत्कृष्ट स्थान हासिल गरेका खेलाडी र प्रशिक्षकलाई प्रोत्साहन गरिनेछ ।

८. खेलाडी उत्पादनलाई तीब्रता दिन स्पोर्टस् ट्रेनिङ सेन्टरहरु स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ । परम्परागत खेलकुदहरु आर्चरी (तारा), डण्डिबियो हान्ने खेल जस्ता खेललाई प्रोत्साहन गरिनेछ ।

९. नगर खेलकुद विकास समितिलाई थप व्यवस्थित गर्दै बुटवललाई खेल पर्यटनका रुपमा विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. सबै विद्यालय तहमा पि.टि. तालिम सञ्चालन गरिनेछ ।

११. प्याराग्लाइडिङ्ग बम्जिम, जिपलाइन लगायतका साहसिक खेल संचालनका लागि प्रोत्साहित गरिने छ ।

## (छ)खानेपानी तथा सरसफाई

१. नगर भित्रको फोहोरको संकलन र विसर्जनलाई व्यवस्थित बनाउन साझेदार संस्थाहरुसँग सहकार्य गरी प्रविधिको उपयोगलाई प्राथमिकता दिईनेछ ।

२. नगरको फोहोर व्यवस्थापन एवं सरसफाई कार्यमा सामुदायिक संघसंस्था, सहकारी, स्वयंमसेवी संस्थाहरु, टोल विकास संस्था, स्थानीय टोल समुदाय र निजी क्षेत्रलाई उत्प्रेरित गरिनेछ ।

३. सामुदायिक कम्पोष्ट प्लान्ट/फोहोर प्रशोधन केन्द्र तथा व्यवस्थापन स्थल निर्माण एवं सञ्चालनलाई प्राथमिकता दिदै आवश्यकताअनुसार साझेदार एवं निजी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

४. नगरभित्रका मुख्य चोक, चौराहा र अन्य आवश्यक स्थानमा फिल्टर सहितको शुद्ध पिउनेपानी र सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनलाई प्राथमिकता दिइनेछ ।

५. बुटवललाई पोलिथिनमुक्त क्षेत्र बनाउनका लागि आवश्यक नीति अबलम्बन गरिनेछ । सरसफाई क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ ।

६. फोहोर उत्पादनमा कमी ल्याउन र उत्पादन तहमा नै व्यवस्थापन गर्न सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

७. बेवारिसे शव र मृत छाडा पशुचौपायाको उचित व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

८. जथाभावी सार्वजनिक स्थलमा फोहोरमैला फाल्नेलाई दण्ड जरिवाना गर्दै फोहोरमैला व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत गरिनेछ । घरअगाडि फोहोर थुप्रो बनाई नगर दुर्गन्धित बनाउनेलाई जरिवाना गरिनेछ ।

९. **'मेरो टोल म सफा गर्छु'** भन्ने नाराका साथ ग्रीन एण्ड क्लिन सिटी बनाउन टोलको सरसफाईको पहिलो जिम्मेवारी वडाको समन्वयमा टोल विकास संस्थालाई दिदै प्रोत्साहन गरिनेछ ।

१०. हाटबजार क्षेत्र तथा अन्य क्षेत्रमा व्यापार व्यवसाय गर्ने व्यवसायीहरुले उत्पादन गरेको फोहोर आफै व्यवस्थापन गर्न अनिवार्य गरिनेछ । र मेडिकलजन्य फोहोर ब्यवस्थापन गरिनेछ ।

११. घरबाट उत्पादन हुने फोहोरको वर्गीकरण गर्न तथा फोहोरमैला व्यवस्थापनमा घरपरिवारलाई थप उत्तरदायी बनाउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.नगर क्षेत्रभित्र रहेका पेट्रोल पम्पहरुमा सर्वसाधारणहरुले समेत प्रयोग गर्न पाउने गरी शौचालयको अनिवार्य व्यवस्था गर्न लगाइने छ ।

१३.आवश्यकताअनुसार क्षेत्र पहिचान गरी आधुनिक र व्यवस्थित फोहोर प्रशोधन केन्द्र निर्माण गरिनेछ । नगरको सरसफाई र फोहोरमैला व्यवस्थापन तथा विक्री गर्ने नीति लिइनेछ ।

१४.झुम्सा खानेपानी ल्याउनका लागि पाल्पाको तिनाउ गाउँपालिकालाई दिन शुरु गरिएको २ करोड रकम यस वर्ष पनि दिईनेछ ।

१५.**गुड्खा, सुर्ती** लगायतका पत्ता सडकमा फाल्नेहरुलाई तत्काल कारबाही गरिनेछ ।

(ज) **अनुगमन तथा मूल्याङ्कन**

१.बुटवलभित्र सञ्चालित होटल, रेष्टुरेण्ट, मासु पसल, खाद्यसामग्री बिक्री केन्द्र, औषधि पसल तथा स्वास्थ्य सेवा प्रदायक संस्थाहरुजस्ता सेवा र वस्तुको बिक्री गर्ने संस्थाहरुको अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

२.उपभोक्ताको हितलाई ध्यानमा राख्दै सचेतना कार्यक्रमहरु सञ्चालन गर्नुका साथै बजार अनुगमनका क्रममा बजार क्षेत्रमा फेला पर्ने लापरवाहीजन्य व्यवहार तथा कमजोरीलाई न्यूनीकरण गर्न दण्ड जरिवानालाई कडाईका साथ लागू गरिनेछ ।

३. नियमित बजार अनुगमन र नियमन गर्ने कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरी उपभोक्ता हित प्रवर्द्धन गरिनेछ ।

(झ) **महिला बालबालिका तथा समावेशीकरण**

१.बुटवलका गृहिणी महिलाहरुलाई रोजगारसँग जोड्दै स्वरोजगार बनाउन नगरप्रमुख गृहिणी महिला रोजगार कार्यक्रम अर्न्तगत उत्पादित वस्तुको उत्पादन र बिक्री केन्द्र (कोशेली घर) स्थापनामा जोड दिइनेछ । यसरी उत्पादन भएका सामग्रीलाई नगरको चिनोका रुपमा उपयोग गर्ने नीति लिइनेछ । गृहिणी महिलाहरुलाई एकजुट बनाई सीप र व्यवसायका माध्यमबाट आर्थिक उपार्जनमा अगुवाई गर्ने नीति लिइनेछ । गृहिणी महिला रोजगार कार्यक्रम अर्न्तगत टोल, वडा र नगरस्तरीय सञ्जाल र सीप तथा रोजगार परिषद् गठनको नीति लिइनेछ ।

२. महिलाहरुलाई सामाजिक क्षेत्रमा प्रोत्साहन गर्न मंगलादेवी, शैलजा आचार्य, साहना प्रधान, साधना प्रधान अधिकारी जस्ता महिला नेतृहरुका नाममा स्मृति प्रतिष्ठान स्थापना गरी महिलाहरुको नेतृत्व विकास तथा क्षमता विकासमा जोड दिइने छ ।

३. असहाय तथा एकल महिलाहरुलाई आत्मनिर्भर र स्वरोजगार बन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. उपप्रमुख महिला आत्मनिर्भर कार्यक्रम मार्फत् उद्यमी महिलाहरुलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

५. नगरलाई लैंगिक हिंसामुक्त, बालमैत्री र विभेदमुक्त शहर बनाइनेछ । स्थानीय बालमैत्री शासन कायम राख्दै बालक्लब पुनःगठन गरी बालमैत्री वडा घोषणा गरिनेछ ।

६. लैंगिक हिंसा पीडित महिलाहरुको लागि अल्पकालीन आश्रयस्थलको व्यवस्थापन गर्दै उनीहरुलाई सीपमूलक कार्यक्रममा आवद्ध गरिने छ ।

७. बालबालिकासँग उपप्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।

८. महिलाहरुको मनोबल उच्च राख्दै सम्बन्धित क्षेत्रमा अगुवाई गर्नका लागि प्रोत्साहनस्वरुप सामाजिक, व्यवसायिक र राजनीतिक क्षेत्रका अगुवा महिलाहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।

९. उपप्रमुख महिला पत्रकारिता कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।

१०. दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना कार्यान्वयन गरिनेछ ।

११. बुटवल उपमहानगरपालिकाको वडा नं. १ देखि १९ सम्मका सबै दलित जनप्रतिनिधि र स्थानीय दलितहरुको उपस्थितिमा कानूनी सचेतना कार्यक्रम गरिनेछ ।

१२. जातीय भेदभाव तथा लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना सूचना पाटी सबै वडा कार्यालयहरुमा सेवाग्राहीले देख्ने ठाउँमा राख्ने व्यवस्था गरिनेछ ।

१३. बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका सरोकारवाला निकायका प्रमुख, बुटवल उपमहानगरपालिका प्रमुख, उपप्रमुख, बिभिन्न संघसंस्था, मानव अधिकार आयोग, दलित अधिकार आयोग, दलित अधिकारकर्मी, धर्मगुरु लगायत सामाजिक अभियान्ता सहितको वृहत् सार्वजनिक वहस कार्यक्रम गरिनेछ ।

१४. दलित समुदायहरुको परम्परागत पेशालाई प्रर्वद्धन र दिगोपनको लागि स्थायी सीप विकास केन्द्रको स्थापना गरिनेछ ।

१५. दलित पत्रकारहरुको क्षमता अभिवृद्धि र पत्रकारिताबारे एड्भान्स टेक्नोलोजी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

१६. बुटवल उपमहानगरबासी महिलाहरु केन्द्रित बिभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरी **महिलाहरुको सीप सहितको दक्ष शहरको रुपमा** विकास गरिदै लगिनेछ ।

(ञ) <u>सामाजिक सुरक्षा तथा पञ्जीकरण</u>

१. असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सामग्री सहयोग कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा दिइनेछ ।

२. अपाङ्गता परिचयपत्र वितरण अभिलेख कार्यलाई विद्युतीय प्रणाली तथा अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक प्रविष्टि तथा प्रतिवेदन कार्यमा टेवा पुऱ्याइनेछ ।

३. अति अशक्त र पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै गएर स्वास्थ्य सामग्रीहरु वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई सीप विकास सम्बन्धी तालिम सञ्चालन गरी आयआर्जनको क्षेत्रमा टेवा पुऱ्याइनेछ ।

४. सामाजिक सुरक्षा तथा पञ्जीकरणका कार्यहरुलाई एम्.आई.एस्.प्रणालीमा अद्यावधिक गरी प्रभावकारी बनाउन आवश्यक समन्वय गरिनेछ ।

५. मध्यमवर्गका अपाङ्गता परिचयपत्र भएका व्यक्तिहरुको लागि आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सामाजिक सुरक्षा भत्ता नवीकरण, घटना दर्ता सप्ताह कार्यक्रम र अपाङ्गता परिचयपत्र वितरण लगायतका कार्यक्रमलाई प्रभावकारी बनाउन प्रचारप्रसार अभियान सञ्चालन गरिनेछ ।

७. सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यहरुलाई एम.आई.एस. प्रणालीमा अद्यावधिक गरी प्रभावकारी बनाइने छ ।

८.दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमशिलता तालिम र सेतो छडी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९.सुस्तश्रवण, दृष्टिविहिन र अपाङ्गता भएका व्यक्तिहरुको लागि श्रोत कक्षा घरमा आधारित कक्षा सञ्चालन गराईनेछ । नगरमा सांकेतिक भाषा (दोभाषे)को दरबन्दी व्यवस्था गरिनेछ ।

१०.बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापन तथा शिक्षण प्रणालीलाई सुनिश्चित गरिनेछ ।

११. अपाङ्गता भएका महिलाका अधिकार सवाल तथा नीतिगत कानूनी व्यवस्था विषयका क्षेत्रमा क्षमताविकास तथा क्रियाशील गराईनेछ ।

१२. अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास तालिम सञ्चालन गरी स्वरोजगार र आत्मनिर्भर गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. सबै सरकारी कार्यालयहरुका भवनलाई अपांगमैत्री बनाउन सहकार्य र समन्वय गरिनेछ ।

१४. लैङ्गिक अल्पसंख्यकहरुको सम्मानजनक जीवनका लागि तालिम र बिबिध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. अटिजम भएका बालवालिकाका अभिभावकहरुलाई सीप तथा मनोसामाजिक परामर्शका कार्यक्रम ल्याइने छ ।

१६. सबै जाति, जनजाति, अल्प संख्यक समुदायहरुको भाषाको तालिम वा आवश्यक धार्मिक वा अन्य विषय संग जोडिएका तालिमहरु तथा सांस्कृतिक पहिचानका तालिमहरु समावेश गरी बुटवललाई सांस्कृतिक पहिचानको शहरका रुपमा विकास गर्दै लगिनेछ ।

## (ट) सामाजिक परिचालन तथा गैरसरकारी संस्था समन्वय

१. टोलविकास संस्थालाई सरसफाईयुक्त बुटवल बनाउन परिचालन गरिनेछ ।

२. सरसफाई कार्यक्रममा गलत गर्ने वा नीति र सिद्धान्त विपरीत काम गर्ने टोलविकास संस्थाहरुलाई नगर प्रमुखले कार्यपालिका बैठकको निर्णयबाट विघटन गर्ने नीति लिइनेछ ।

३. भाषा, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन गर्नका लागि विशेष भाषा, जातीय भेषभुषा र संस्कृतिको जर्गेना गर्ने गरी तालिमको व्यवस्था सहितका कार्यक्रमहरु ल्याइनेछ ।

४. बुटवलभित्रका बैंक तथा वित्तीय संस्था, सहकारी, लघुवित्त, बीमा कम्पनी र सामाजिक संघसंस्था, क्लबहरुले सामाजिक उत्तरदायित्व अर्न्तगतका कार्यक्रम गर्दा बुटवलभित्र गर्न अनिवार्य गर्दै एकद्वार प्रणालीबाट व्यवस्थित गरिनेछ ।

५. विभिन्न जातजाति, समूह, वर्गहरुको परम्परा, संस्कृतिको पहिचान गरी जातीय र भाषिक पहिचान दिने परम्परागत उत्पादनलाई प्राथमिकता दिँदै संरक्षण र प्रर्वद्धन गर्दै लगिनेछ । बुटवललाई छुवाछुतमुक्त नगरका रुपमा स्थापित गर्न सचेतनामूलक बोर्डहरु राख्ने तथा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. नगरको हितलाई केन्द्रमा राखेर राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य तथा भगिनी सम्बन्ध स्थापित गरिने छ ।

## (ठ) वन, वातावरण तथा विपद् व्यवस्थापन

१. शिवनगरमा रहेको बुटवल-खस्यौली नन्दिनी गौशालाको व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै बुटवल १२ चारपाला सामुदायिक वनमा बहुउद्देश्यीय कामधेनु गौशाला तथा अन्य आवश्यक स्थानमा गौशाला स्थापना गरिनेछ । साथै, नवलपरासीको बर्दघाटदेखि दाङसम्मका सडकमा रहेका छाडा पशु चौपायाहरुको व्यवस्थापनका लागि गाई राष्ट्रिय निकुञ्ज निर्माण गर्न लुम्बिनी प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारहरुसँग समन्वय गरिनेछ ।

२. योगीकुटीदेखि चिडियाखोलासम्म, रामनगरदेखि तामनगरसम्म, बेलबास-बेथरी सडक, तामनगर-शुद्धोधन सडकलाई उज्यालो र हरियाली सडकका रुपमा सौन्दर्यीकरण गरिनेछ ।

३. एक सामुदायिक वन-एक पोखरी, एक पार्क निर्माणको अभियानलाई निरन्तरता दिइनेछ ।

४. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग सहकार्य गर्दै चुरे संरक्षण गर्दै चुरे पहाडका कारण उत्पन्न विपद् न्यूनीकरण गर्न र विपद्का कारण हुने क्षति कम गर्न पहल गरिनेछ । जलवायु परिवर्तनका कारण देखा परेका समस्याहरु न्यूनीकरणका लागि जलवायु अनुकुलनका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

५. ज्योतिनगर, मिलनपथ, पाखापानी, लक्ष्मीनगरजस्ता स्थानको पहिरोको अल्पकालीन र दीर्घकालीन व्यवस्थापन गरी जोखिम न्यूनीकरण गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

६. तिनाउँ जलाधार संरक्षणलाई निरन्तरता दिँदै बुटवलबासीको हितमा हुने कार्यलाई प्राथमिकता दिइनेछ ।

७. नगरलाई हरित् शहरका रुपमा स्थापित गर्न **एक घर तीन रुख**को नीति लिई आवश्यक अनुदान उपलब्ध गराइनेछ । साथै, घरनक्शा बनाउँदा अनिवार्य रुपमा हरियाली प्रवर्द्धन गर्ने गरी आवश्यक स्थान छुट्याउनुपर्ने व्यवस्था मिलाइनेछ । नक्सापास गर्दा उल्लेखित विषयहरु समावेश गरेर मात्र नक्सापास दिने ब्यवस्था मिलाईनेछ ।

८. जितगढी किल्लाको पूर्वतर्फ तिनाउँ नदीको किनारमा तिनाउँ आरतीकेन्द्र स्थापना गरी तिनाउँ सभ्यतालाई प्रवर्द्धन गरिने छ ।

९. विपद् न्यूनीकरण तथा प्रकोप व्यवस्थापनका लागि आवश्यकता अनुसार स्थानीय आपत्कालीन सेवा केन्द्र (एलईओसी) लाई थप व्यवस्थित गरिनेछ ।

**(ङ) <u>कृषि तथा पशुपंक्षी विकास</u>**

१. कृषिमा उत्पादकको माग: नगरको साथ, कृषि विकास, **"के पाइन्छ होइन, के चाहिन्छ"** भन्ने नीति अवलम्वन गरिनेछ ।

२. कृषि पेशालाई मर्यादित पेशाको रुपमा अगाडि बढाउँदै मागमा आधारित, उत्पादनमा आधारित प्रोत्साहन तथा अनुदान कार्यक्रम मार्फत् खाद्य सुरक्षा तथा हरियाली प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३. सहरी क्षेत्रमा स्वस्थ बाली उत्पादन कार्यक्रमका लागि कौशी, करेसाबारी, पुष्प खेती तथा जैविक मल उत्पादन प्रशोधन बजारीकरणका कार्यक्रम सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

४. कृषक, कृषक समूह तथा अन्य संघ संस्थाको समन्वय तथा सम्भाव्यताको आधारमा पकेट विकास कार्यक्रम सञ्चालन मार्फत् कृषि क्षेत्रलाई स्वरोजगारको आकर्षण क्षेत्र बनाईने छ ।

५. उत्पादित कृषि वस्तुको संकलन, प्रशोधन, सञ्चय र ढुवानी आदि कार्य गर्ने कार्यका लागि प्रदेश र संघ सरकारको सहकार्यमा कृषि थोक एवं हाटबजार स्थापना, व्यवस्थापन गर्न आवश्यक सहयोग तथा सहजीकरण गरिने छ ।

६. बुटवल-१५ सेमलारमा आधुनिक कृषि उपज संकलन केन्द्र निर्माण गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

७. विदेशबाट फर्किएर कृषि पेशालाई मूल पेशा बनाएका किसानहरुलाई प्रोत्साहन गर्न सम्मान गरिनेछ । विपन्न वर्गका किसानलाई आधुनिक उपकरण तथा हातेट्याक्टर खरिदमा प्रोत्साहन गरिनेछ ।

८. रेबिज रोग नियन्त्रणका लागि कुकुर एवं बादरको बन्ध्याकरण तथा घरपालुवा कुकुरहरुको अभिलेखीकरण गरी आवश्यक व्यवस्था गरिनेछ ।

९. पशुपंक्षी विकासमा पशुस्वास्थ्य कार्यक्रम र पशुनश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै गौशालामा नश्ल सुधार कार्यक्रम राखिनेछ ।

१०. पशुपंक्षी पालन कृषक पहिचान तथा पशुपंक्षीजन्य तथ्यांक संकलन र निरन्तर अद्यावधिक गरिने छ ।

११. बुटवललाई दुग्ध उत्पादनमा अग्रणी बनाउन किसानहरुलाई प्रोत्साहन स्वरुप प्रतिलिटर ३ रुपैयाँका दरले अनुदान दिने व्यवस्था मिलाईनेछ ।

१२. पशु बधशालाको सेवा विस्तार तथा सेवा प्रवर्द्धनका लागि विपन्न वर्गका व्यवसायीलाई स्वच्छ मासु बिक्री केन्द्र स्थापनाका लागि अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

१३. बुटवलको बुटवल-खस्यौली नन्दिनी गौशालालाई नश्ल सुधार केन्द्रका रुपमा विकास गर्दै लगिनेछ ।

१४. ९ जना वा सो भन्दा बढीको समुह बनाई पराम्परागत वा आधुनिक कृषि वा पशुपालन गरेमा सो समुहलाई ट्याक्टर, हाते ट्याक्टर, मल, बीउबीजन, गोठ सुधार रकम वा फार्म सुधार रकम तथा बिभिन्न खालको कृषि र पशुपालन सम्बन्धी विशेष सहयोग गर्न सकिनेछ । त्यसरी सहयोग पुऱ्याइएका किसानहरुबाट उत्पादन भएको घाँस, पराल, डाँठ लगायतका बस्तुहरु निशुल्क गौशालामा दिनुपर्नेछ ।

(ढ) **उद्योग, वाणिज्य तथा पर्यटन प्रवर्द्धन**

१. बुटवललाई उत्कृष्ट पर्यटकीय विश्रामस्थलका रुपमा स्थापित गर्न कालिकापथ, ट्राफिक चोक, अमरपथ र अन्य आवश्यक स्थानमा सन्ध्याकालीन र रात्रीकालीन बजार सञ्चालन गरिनेछ । रात्रीकालीन बजार सञ्चालन गर्दा स्थानीय परम्परा, संस्कृतिलाई प्राथमिकता दिँदै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनगर्न प्रोत्साहित गरिनेछ ।

२. **'घुमौं बुटवल'** भन्ने अभियान अन्तर्गत यसै आर्थिक वर्षलाई बुटवल भ्रमण वर्ष घोषणा गरी आन्तरिक र बाह्य पर्यटकको आगमनलाई वृद्धि गर्नका लागि अभियानहरु सञ्चालन गरिनेछ । पर्यटकीय स्थलहरुको पहिचानलाई व्यापक बनाउनका लागि आवश्यक स्थानमा डिजिटल डिस्प्ले र प्रचार सामग्रीहरु निर्माण गरिनेछ । टुरिष्ट गाईड तालिम सञ्चालन गरिनेछ ।

३.**"घरेलु मदिरा उत्पादनलाई बैधानिकता दिउँ, मौलिक परम्परालाई जोगाऔं"** भन्ने नाराका साथ स्थानीय जातिय पहिचानमा आधारित परम्परागत तरिकाले चलिआएका घरेलु मदिरा उत्पादनलाई वैधानिकता दिँदै गुणस्तर र मापदण्ड तय गरी बजारीकरण गर्न प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरिनेछ ।

४. बुटवललाई पर्यटकीय गन्तव्य तथा पर्यटकीय केन्द्रको रुपमा विकास गर्न हरेक खालका कदम उठाइने छन । पर्यटन व्यवसायीहरुलाई संरक्षण गर्ने नीति लिइनेछ ।

५. बुटवल उपमहानगरपालिका बुटवलमा रहेका निजी क्षेत्रलाई सबै भन्दा बढी प्राथमिकता दिन चाहन्छ । निजी क्षेत्रको प्रगतिबाट मात्र बुटवलको विकास र सपना सांकार पार्न सम्भव छ । तसर्थ व्यवसायमैत्री बुटवल निजी क्षेत्रको संरक्षणमैत्री बुटवल बनाउने उद्देश्यका साथ हरेक पलपलमा निजी क्षेत्रलाई भरोसकासाथ साथमा लिएर सहकार्य सहित समृद्ध बुटवल बनाउने परिकल्पनाका साथ कार्यक्रमहरु ल्याइनेछ ।

६. बुटवललाई पर्यटकीय विश्रामस्थलको रुपमा स्थापित गर्न बुटवल देखि श्री ७ रणउजेश्वरी तानसेन, भैरवस्थान, राम मन्दिर, रिडि, श्रृङ्गेश्वर, रेसुङ्गा, रानीमहल, आलमदेवी, सेतीवेणी जैमिनी, बाग्लुङ्ग कालिका, ढोरपाटन, म्याग्दी गलेश्वर, कागवेनी, दामोदर कुण्ड, मुक्तिनाथ, कोरला नाका, लुम्बिनी, सुपा देउराली,  बाँके-बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन, त्रिवेणी जस्ता पर्यटकीय स्थलहरुसम्मको यात्रा तथा बुटवल-चितवन-पोखरा त्रिकोणीय पर्यटन प्रवर्द्धनका लागि आवश्यक अभियान सञ्चालन गरिने छ ।

७. बुटवलका महत्वपूर्ण पर्यटकीय स्थलहरु जितगढी किल्ला, रामापिथेकस पार्क , युद्ध संग्रहालय, पूरानो बुटवल क्षेत्र, मणिमुकुन्दसेन उद्यान, हिलपार्क, मिलनपार्क, पिस पार्क, सिद्धबाबाधाम, मुक्तिनाथधाम, निलकण्ठबाबाधाम, नरैनापुरधाम, बैठौलिया ताल, वाटरपार्क, थारु संग्रहालय, भैरव पार्क, पाणिनी पार्क, लक्ष्मी पार्क, सहस्रधारा लगायतका अन्य ऐतिहासिक, धार्मिक, सांस्कृतिक पुरातात्विक र पर्यटकीय स्थलहरुमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

बुटवल-नुवाकोट क्षेत्रमा पैदलमार्ग निर्माण गरी शिवपार्कको रुपमा स्थापित गरिनेछ। कर्णेल उजिरसिंह पार्क तथा रामापिथेकस पार्क निर्माण तथा हिलपार्कमा बुद्ध मूर्ति स्थापनाका लागि पहल गरिनेछ।

८. बुटवलमा पर्यटकीय गतिविधि चलायमान गराउन बुटवलका पर्यटकीय स्थलहरुको वृत्तचित्र निर्माण गरिनेछ। साथै, बुटवललाई उपयुक्त विश्रामस्थलको रुपमा विकास गर्दै पर्यटक आगमनलाई बढावा दिन टुर गाईड उत्पादन गरी पर्यटन व्यवसायी तथा सरोकारवालाहरुलाई प्रोत्साहन गरिनेछ।

९. पर्यटकीय स्थलहरुको प्रवर्द्धनका लागि सम्पदा सूची तयार गरी फोटो पुस्तक, ट्राभल गाईड, पर्यटकीय स्थलहरुको परिचय पुस्तक तथा अनलाईन पोर्टल सञ्चालन गरिनेछ।

१०. आन्तरिक पर्यटन प्रवर्द्धन, स्थानीय कला संस्कृतिको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन मार्फत आर्थिक उपार्जनलाई जोड दिईनेछ। बुटवलमा सञ्चालन भएका दुवै केवुलकारहरुलाई थप व्यवस्थित गर्ने र पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने नीति लिइनेछ।

११. आन्तरिक तथा बाह्य पर्यटन र व्यापार व्यवसायमा प्रभाव पार्ने गरी बुटवलमा आयोजना हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमहरुलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ। उद्योगी व्यवसायीहरुका लागि राहतकोषको स्थापना गरिनेछ।

१२. बुटवल-खस्यौली नन्दिनी गौशालालाई धार्मिक वनका रुपमा रुपान्तरण गरिनेछ र पर्यटकीय स्थल बनाउने गरी थप व्यवस्थित गर्ने नीति लिईनेछ।

१३. फोटोग्राफी संघसँगको सहकार्यमा फोटोग्राफी तालिम र प्रदर्शन गरिनेछ।

**(ण) रोजगार प्रवर्द्धन तथा सहकारी**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामग्री/औजारहरु तथा आयोजनामा लाग्ने श्रमिकको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप सशक्त बनाइनेछ।

२. सुरक्षित वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरुका लागि सचेतना कार्यक्रम गरिनेछ। वैदेशिक रोजगारीमा गएका परिवारहरूका लागि वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श दिइनेछ।

३. परम्परागत सीपहरु आरनलाई आधुनिकीकरण गर्न विशेष व्यवस्था गरी माटोका भाँडा बनाउने, डोकोनाम्लो बुन्ने, ढकिया बनाउनेजस्ता सीपको प्रवर्द्धन मार्फत् रोजगारी सिर्जना गर्दै उद्यमी बन्न चाहनेलाई अनुदानसहित उत्प्रेरित गरिनेछ। मकै पोल्ने, सालको पात बेच्ने, गिट्टी कुट्ने, ई-रिक्सा चलाउने महिलाहरुलाई प्रोत्साहन गर्न आवश्यक नीति लिइनेछ।

४. **"पढाईसँगै रोजगार सिर्जना गरौं, युवालाई देशमै बस्ने परिस्थिति निर्माण गरौं"** भन्ने उद्धेश्यका साथ ट्राफिक व्यवस्थापनमा पढाईसँग रोजगार कार्यक्रम अन्तर्गत स्नातक र स्नातकोत्तर पढेकाहरुलाई

परीक्षणका लागि OJT मा खटाउने र OJT भत्ता स्वरुप दैनिक २०० दिई ३ महिनाका लागि खटाउने व्यवस्था गरिनेछ।

५. मेयर युवा रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत् युवाहरूका लागि रोजगारी सिर्जना गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

६. **"पढाईसँगै रोजगार सिर्जना गरौं, युवालाई देशमै बस्ने परिस्थिति निर्माण गरौं"** भन्ने उद्धेश्यका साथ पढाई सँगै रोजगार कार्यक्रम अर्न्तगत १०० जनालाई ट्राफिक व्यवस्थापन, १०० जनालाई राजश्व उठाउने तालिम, २५ जनालाई टुर गाईड तालिम, १०० जनालाई हेयर कटिङ्ग तालिम सञ्चालन गरिनेछ।

७. बुटवल क्षेत्रमा श्रम स्वीकृति नलिई कार्यरत रहेका श्रमिकहरुलाई श्रम स्वीकृति लिन अनिवार्य गर्ने र करको दायरामा ल्याउन पहल गरिनेछ।

८. सहकारी संस्थाहरुको एकीकृत लगानीमा सस्तो पसल, कृषि उत्पादन बिक्री केन्द्र, कोशेली घर, स्थानीय तथा रैथाने सामग्री बिक्री केन्द्र, स्वच्छ मासु बिक्री केन्द्र र शीतभण्डार गृहहरु सञ्चालनका लागि सहकार्य गर्ने नीति लिइनेछ।

९. सहकारी संस्था सम्बन्धी आवश्यक पर्ने स्थानीय ऐन, कानुन, नियमावली, नीति, मापदण्ड निर्माण र संस्थाको कार्यान्वयन तथा नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१०. उपमहानगरपालिकाभित्र कार्य क्षेत्र भएका एकै प्रकृतिका सहकारी संस्थाहरु बीच एकीकरण गर्ने नीति लिइनेछ।

११. संघ र प्रदेशमा दर्ता भई बुटवलभित्र कार्यालय स्थापना गर्ने सहकारीहरुलाई व्यवस्थित गर्नका लागि अनिवार्य सूचीकृत हुने व्यवस्था गरिनेछ। सहकारी क्षेत्रको बेथिति र ठगी रोक्नका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै संघ र प्रदेशमा दर्ता भएका सहकारीहरुलाई घरभाडामा दिदा घरधनीले उपमहानगरपालिकामा आई जमानत बस्नुपर्नेछ।

(त) <u>भू-उपयोग तथा भूमि व्यवस्था</u>

१. मालपोत कार्यालय र नापी कार्यालयको सहकार्यमा बुटवल उपमहानगरपालिका क्षेत्र भित्र नापी गर्न बाँकी रहेका जग्गाहरुको नापी कार्य सम्पन्न गरी डिजिटल नापी नक्शा तयार गरिनेछ।

२. पूनः नापी गर्नुपर्ने बुटवलका सम्पुर्ण स्थानहरुमा पूनःनापीको व्यवस्था गरिनेछ।

३. नगर क्षेत्र भित्रका ब्लक जग्गाको जग्गाधनी पूर्जा वितरण तथा अव्यवस्थित बसोवास प्रमाणीकरणको व्यवस्था मिलाइने छ।

४. तिनाउँ दानव करिडोर निर्माण तथा दैवीप्रकोपबाट विस्थापित भएका घर धनीहरुलाई स्थानान्तरण गर्न जग्गा पहिचान गरी जनता आवास कार्यक्रम तथा एकीकृत बस्ती विकास कार्यक्रम मार्फत् बसोबासको व्यवस्था मिलाउन पहल गरिनेछ ।

५. नगर क्षेत्रभित्र रहेको अव्यवस्थित बसोबासमा आधारभूत सेवालाई थप व्यवस्थित गर्न पूर्वाधार विकास सेवा शुल्क राजश्व परामर्श समितिको सिफारिस बमोजिम लागू गर्ने व्यवस्था मिलाइने छ ।

६. नगर क्षेत्रभित्र रहेका भूमिहीन दलित/सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको भूमि समस्या समाधान आयोगले तोके बमोजिम लगत संकलन, नाप नक्शांकनको प्रक्रिया अगाडि बढाई जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

७. सार्वजनिक जग्गा संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. **"सुकुम्बासी र अब्यवस्थितहरुप्रति हाम्रो ध्यान, लालपुर्जा वितरणबाट उहाँहरुको सम्मान"** भन्ने मुल नाराबाट बुटवलमा लामो समयदेखि समस्याको रुपमा रहेको सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि भूमि समस्या समाधान आयोगसँग समन्वय गरी जग्गा नापजाँच गरी लालपूर्जा वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।हालसाविकको प्रक्रियालाई निरन्तरता दिइनेछ । साथै बिभिन्न सीप र तालिमसँग जोडेर उहाँहरुको जीवन सहज बनाईनेछ ।

९. तिनाउँ दानव कोरिडोर निर्माण गर्दा विस्थापित हुने घरहरु, वडा नं. १ र ५ मा तिनाउँ नदीमा निर्माण हुने सिग्नेचर ब्रीज, बुटवल १ मस्जिद अगाडिका विस्थापित १६ घरहरु, बुटवल ११ सिरानगाउँ मजुवामा पक्की पुल निर्माण गर्दा विस्थापित भएका ७ घर, ज्योतिनगर पहिरोबाट विस्थापित हुन सक्ने बुटवल वडा नं. ३ र ४ का घरहरुलगायत, बेलबास बेथरी सडकबाट विस्थापितहरु र चिडियाखोलामा विस्थापितहरुलाई व्यवस्थापन गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी बसोबासको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

१०. **"समृद्धिका लागि बुटवलको प्रमुख गन्तब्य, मोतीपुर औद्योगिक क्षेत्रको निर्माण"** भन्ने उद्धेश्यका साथ मोतीपुर औद्योगिक क्षेत्रमा देखिएको जग्गा सम्बन्धी समस्या समाधान गरी स्मार्ट औद्योगिक क्षेत्र निर्माण गर्नका लागि पहल गरिनेछ । औद्योगिक क्षेत्रभित्र फोहोर प्रशोधन केन्द्र, ग्रील जोन, कबाड क्षेत्र र सरसफाई पार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

११. कोदाले, बिटौरी, आँकडा र उखडाजस्ता जग्गाहरुको समस्या पहिचान गरी समाधानका लागि पहल गरिनेछ ।

(थ) पूर्वाधार विकास,भवन निर्माण तथा नक्सा

१. नगरभित्रका सडकहरुको सौन्दर्यीकरण गर्दै सुरक्षित बनाउन रोड मार्किङ्ग गर्ने र ट्राफिक लाईट जडान गर्ने तथा अन्य आवश्यक व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।सडक क्षेत्रहरुलाई सुरक्षित बनाउनका लागि क्याट आई, ट्राफिक सूचना बोर्ड, तीव्र गति नियन्त्रणजस्ता कार्यमा जोड दिइनेछ । पूराना पोलहरु हटाउने र तार हटाउन अभियान सञ्चालन गरिनेछ ।

२. बहुवर्षिय योजनाहरु आवश्यकताका आधारमा कार्यान्वयन गरिनेछ । एक वडा एक पहिचान कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।

३. उज्यालो बुटवल कार्यक्रमअन्तरगत मुख्य मुख्य चोकहरुमा हाइमास्ट लाईट तथा भित्री सडक र गल्लीहरुमा स्मार्ट स्ट्रिट लाईट/डेकोरेटिभ लाईट थप गर्ने र व्यवस्थितगर्ने नीति लिइनेछ । हाइमास्ट लाईटका पोलहरुमा डिजिटल बोर्ड राखी विज्ञापन कर संकलन गर्ने र सो करबाट प्राप्त रकम सडक बत्तीको महसुल भुक्तानी र विकासका क्षेत्रमा लगानी गरिनेछ ।

४. संघ तथा प्रदेश सरकारबाट नगर क्षेत्रभित्र सञ्चालित विकास आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गरिने छ ।

५. पूर्वाधार विकाससँग सम्बन्धित सडक, यातायात, कृषि, सिंचाई, खेल पूर्वाधार, खानेपानी, ढल निकास, पर्यटन पूर्वाधार, सरकारी विद्यालय, क्याम्पस शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार, फोहोर व्यवस्थापन पूर्वाधार कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिईनेछ ।

६. पार्किङ्ग स्थल/पार्किङ्ग बिल्डिङ्ग, शपिङ्ग कम्प्लेक्स भवन जस्ता सम्भावित क्षेत्रहरुमा निजी क्षेत्र र साझेदार संस्थासँग सहकार्य गरी सार्वजनिक निजी साझेदारी परियोजनाहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

७. मुख्य बजार क्षेत्रमा फुटपाथ निर्माणलाई प्राथमिकतामा राखिनेछ र सडक क्षेत्राधिकार २५ फिटभन्दा माथिका फराकिला नमूना सडकहरुमा नाली सहित संभव भएसम्म अपाङ्गतामैत्री फुटपाथ निर्माण गर्ने नीति लिइने छ । सडकहरुको लगत् कट्टा गर्ने नीति अबलम्बन गरिनेछ ।

८. वडा नं. १४ देखि १९ मा कृषि, पशुपालन तथा हरियाली प्रवर्द्धनसँग सम्बन्धित पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरी ग्रीनसिटी तथा एग्रो टुरिजमको अवधारणामा जोड दिइनेछ । वडा नं. १४ देखि १९ जग्गाको वर्गीकरणका कारण राजश्वमा जनगुनासो रहेकाले समस्या समाधानका लागि आवश्यक नीति अबलम्बन गरिनेछ ।

९. आफ्नै वडा कार्यालय नभएका वडाहरुमा भवन निर्माण गरी सेवाप्रवाहलाई थप व्यवस्थित बनाइनेछ । वडा नम्बर ११ लाई विभाजन गरी आवश्यकताअनुसार वडा थप गरिनेछ ।

१०.नगरका दीगो प्रकृतिका ठूला पूर्वाधारहरुको निर्माणलाई वातावरणमैत्री, अपाङ्गतामैत्री, बालमैत्री, लैगिंकमैत्री बनाउँदै लगिनेछ ।

११. वडा नं ११ स्थित देवीनगरमा वी.पी. काईराला, पुष्पलाल श्रेष्ठ र सूर्य प्रसाद प्रधानको स्मृतिमा शालिक सहित पार्क निर्माणको कार्य सम्पन्न गरिनेछ ।

१२.विभिन्न जातजाति, धर्म संस्कृतिको जगेर्नाका लागि धार्मिक आस्थाका धरोहरहरु मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्चको संरक्षण तथा सम्बर्द्धन गरिने छ ।

१३.नगर क्षेत्र भित्रका अति व्यस्त सडकहरु (श्रवणपथ, मैत्रीपथ, अमरपथ, राममन्दिर लाइन, संगमपथ) मा ट्राफिक व्यवस्थापनका लागि सम्बन्धित क्षेत्रका नगरबासी, व्यवसायी संगठनहरु र ट्राफिक कार्यालयको समन्वयमा एकतर्फी सवारी सञ्चालन गरिने छ ।

१४. वडा नं. १२ स्थित चारपाला सामुदायिक वन उपभोक्ता समुहको क्षेत्रमा स्थापना हुने मानिक विश्वविद्यालय भवन निर्माण स्थल सम्मको पहुँच सडक, खानेपानी, विद्युत जस्ता पूर्वाधार निर्माण कार्यमा आवश्यक सहयोग गरिने छ ।

१५.सडक बत्ती व्यवस्थापनको कार्य वडा कार्यालयको समन्वय र निर्देशनमा टोल विकास संस्थाले गर्ने व्यवस्थालाई प्रभावकारी बनाईनेछ । आवश्यकता अनुसार मिटर जडान तथा व्यवस्थापनलाई टोलविकास संस्था मार्फत् गरिनेछ ।

१६.बुटवलको खानेपानी आपूर्ति सम्बन्धी समस्यालाई दीर्घकालिन समाधान गर्न बुटवल (झुम्सा) खानेपानी आयोजना सञ्चालन गर्न पहल गर्ने र वडा नं. ६, ७ र ८ मा रहेका बोरिङ्गहरुलाई एकीकृत गरी हिलपार्कमा निर्माणाधीन ओभरहेड टंकीबाट वितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

१७. ऐतिहासिक बटौली क्षेत्रमा रहेका परम्परागत धार्मिक एवं पूरातात्विक सम्पदाहरुको संरक्षणका लागि विकास साझेदारहरुसँगको सहकार्यमा गुरुयोजना तयार गरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

१८.वडा भेला तथा वडा कार्यालयहरुबाट सिफारिस भई आएका सबै योजनाहरुको प्रोजेक्ट बैंक बनाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न अधिकतम् पहल गर्ने नीति लिइनेछ ।

१९. जितगढी किल्लाको संरक्षण गर्दै जितगढी युद्ध संग्रहालय व्यवस्थित गरी सञ्चालनमा ल्याइने छ ।

२०. बुटवल-२ मैनाबगरको रामघाट र बुटवल १५ र १६ को कर्साघाट (मुक्तिघाट)लाई व्यवस्थित गरिनेछ । तथा बुटवल १७ र १८ मा थप घाटहरु निर्माण गरिनेछ ।

२१.सहभागितामा आधारित कार्यक्रमहरुको लागत् सहभागिता सम्बन्धी नीतिमा समयानुकुल परिवर्तन गरी जनसहभागितामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(क) नयाँ नाली तथा पक्की सडक निर्माण कार्यका लागि तिनाउँ नदी पूर्वका वडाहरुमा ३० प्रतिशत, वडा नम्वर १२ र १३ मा २५ प्रतिशत र वडा नं १, २ र ११ को तिनाउँ पश्चिमको भाग तथा वडा नम्वर १४ देखि १९ सम्मका वडाहरुमा २० प्रतिशत

(ख) सडक ग्राभेल, मर्मत सम्भार तथा अन्य आयोजनाहरुमा १५ प्रतिशत र

(ग) सार्वजनिक महत्वका क्षेत्रहरु धार्मिक, शैक्षिक, खेलकुद, कृषि, विद्युत, सामुदायिक भवन, तटवन्ध, जस्ता कार्यमा १० प्रतिशत

(5) (घ) अति विपन्न, सीमान्तकृत बस्ती भएका क्षेत्र, फोहोर व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन, हरियाली प्रवर्द्धन, प्रकोप नियन्त्रण जस्ता कार्यमा वडा कार्यालयको सिफारिसमा न्यूनतम ५ प्रतिशतमा नघट्ने गरी पूर्वाधार विकास समितिको निर्णय सिफारिस बमोजिम हुनेछ ।

२२. सहभागितामा आधारित कार्यक्रमहरुलाई प्रोत्साहन प्रदान गर्न पहिलो आउनेलाई पहिलो प्राथमिकता दिई सडक निर्माण (नगरपालिकाबाट ३० र उपभोक्ताबाट ७० प्रतिशत लागत् सहभागिताको योजनालाई) प्राथमिकता दिइनेछ ।

२३. प्राथमिकताका आधारमा आयोजना, कार्यक्रम तथा क्रियाकलाप छनौट गर्ने र हरित् उत्थानशील तथा समावेशी विकास अवधारणालाई समेत प्राथमिकताका आधारमा समावेश गरिनेछ ।

२४. मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ । आवधिक योजनालाई आवश्यकताअनुसार मध्यकालीन समीक्षा गरिनेछ ।

२५. जितगढी किल्ला, युद्ध संग्रहालय, रामापिथेकस पार्क, मणिमुकुन्दसेनको ग्रीष्मकालीन दरबारजस्ता महत्वपूर्ण स्थानलाई नगरको गौरव सम्पदाका रुपमा प्रवर्द्धन गरिनेछ ।

२६. वडा नं. ११ र १७ स्थित राष्ट्रिय विभुति पार्कलाई थप व्यवस्थित गरिनेछ ।

२७. नगरविकास कोषसँग सहकार्य गरी बुटवल ४ को जेसिज चोकमा रहेको जग्गामा बहुउद्देश्यीय भवन निर्माण गरिनेछ ।

२८. बुटवल उपमहानगरपालिकाको पूरानो भवनलाई प्रभावकारी प्रयोग गर्न बुटवल बजारमा रहेको अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्न र व्यावसायिक क्षेत्रलाई प्रवर्द्धन गर्न विस्तृत अध्ययन गरी साझेदार संस्था र दातृ निकायहरुसँगको सहकार्यमा आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

२९. बुटवल ५ को हाटबजारमा आधुनिक भूमिगत पार्किङ्ग तथा व्यावसायिक भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३०. घर नक्शा पास गर्नका लागि प्रयोगमा ल्याइएको विद्युतीय भवन अनुमति प्रणाली (ईबीपीएस) लाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि पेपरलेस, पेनलेस, मोबाइल एप र डिजिटल सिग्नेचरको उपयोग गरी डिजिटल भुक्तानीको सेवाप्रदान गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ ।

३१. भूमिगत पार्किङ्ग सहितको भवन निर्माण गर्न प्रोत्साहन गरी नक्शापासमा भूमिगत पार्किङ्गको शतप्रतिशत राजश्व छुट दिइने छ । साथै, १६ तल्लासम्मका बहुतल्ले भवन निर्माणका लागि प्रोत्साहन गरिनेछ ।

३२. नगरको भौगोलिक सूचना प्रणाली (जीआइएस बेस्ड हाउस नम्बरिङ) को इकाई गठन गरिनेछ । साथै, वडा नं १ देखि १९ मा अध्ययन प्रक्रिया बढाई घर नम्बर दिने प्रबन्ध मिलाईनेछ ।

३३. बुटवल उपमहानगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ लाई नेपाल सरकारको भू-उपयोग नीति अनुरुप वर्गीकरण गरिनेछ । भवन निर्माणमा संलग्न निर्माण व्यवसायीलाई अनिवार्य रुपमा सूचीकृत गरी भवन निर्माण प्रक्रियालाई जिम्मेवार र व्यवस्थित बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

३४. बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका पूराना भवनहरुको नक्शा अभिलेखीकरण गर्न निश्चित समय थप गरी घरनक्शालाई व्यवस्थित गरिनेछ ।

३५. बुटवल ७ र ८ को मुख्य राजमार्ग क्षेत्रको उत्तरतर्फ अन्दाजी २६ बिगाहा जग्गामा नयाँ बसपार्क निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३६. बुटवलको लुम्बिनी बस टर्मिनल क्षेत्रमा १६ तलेसम्मको भवन निर्माणका लागि सम्भाव्यता अध्ययन तथा निर्माण गरिनेछ ।

३७. बुटवलको राजमार्ग चौराहा र अस्पताल चोकमा चारतिर जाने आकाशे पुल निर्माणका लागि पहल गरिनेछ ।

३८. बसपार्कबाट सडक डिभिजनतर्फ तथा लुम्बिनी प्रादेशिक अस्पताल र अस्पतालको उत्तरतर्फको खाली जमीनमा फ्लाईओभर ब्रिज निर्माणका लागि पहल गरिनेछ ।

३९. तिनाउँ पारिका वडाहरु र समग्र बुटवललाई उज्यालो बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४०. नदीजन्य पदार्थ उत्खनन् हुने भूगोल जुन वडामा पर्छ सो बाट हुने आम्दानीको १०% रकम सम्बन्धित वडालाई नै उपलब्ध गराउने नीति लिइनेछ ।

४१. बुटवल क्षेत्रभित्रबाट समेत अत्यन्त धेरै प्रयोग हुने घाटहरु भएका कारण रिडीघाट, राम्दीघाट र त्रिवेणी घाटको संचालन तथा व्यवस्थापनमा बुटवल उपमहानगरपालिकाको तर्फबाट पनि सहभागिता जनाईने छ ।

अन्त्यमा,

उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगर सभाका सदस्यज्यूहरु,

र उपस्थित कर्मचारी एवम् सञ्चारकर्मी महानुभावहरु,

हामीले अबलम्बन गरेको नीतिलाई आर्थिक वर्ष २०८२।०८३ मा लागू गर्न सबैले आआफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गरी **समानता, स्वाभिमान र अवसर-बस्नयोग्य बुटवल शहर** भन्ने मूल नीतिलाई कार्यान्वयन गर्न सहयोग हुने अपेक्षा गरेको छु ।

हामीले बुटवल उपमहानगरपालिकालाई सबैको सहयोग र सद्भावबाट साझा संस्थाको रुपमा स्थापित गर्न चाहन्छौं । बुटवल हामी सबैको हो र **"हामी बुटवलका जनप्रतिनिधि बुटवलबासीका सेवक हौं"**भन्ने कुरालाई आत्मसाथ गरी यहाँहरुकै सेवामा खटिएका छौं ।

म यस सम्मानित सभामार्फत् बुटवलबासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुले माया, प्रेम र सद्भावका साथ अत्यन्त विश्वास गरेर हामीलाई निर्वाचित गर्नुभएको हो भन्ने कुरालाई सधैं मनमष्तिस्कमा राखेर काम गरिरहेको कुरा अनुरोध गर्न चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कार्यक्रम र बजेट नगरसभाको आगामी बैठकमा प्रस्तुत हुने व्यहोरा जानकारी गराउँदै हरेक पल, हरेक क्षण हाम्रो ध्यान बुटवलको विकास र समृद्धिकै लागि हुनेछ र त्यसका लागि दिलोज्यानले प्रयास गरिरहने प्रतिबद्धता जनाउन चाहन्छु । हरेक महाशाखा, शाखा र वडाहरुले बजेट बनाउँदा अनिवार्य नीति कार्यक्रमको मापदण्डमा रहेर मात्र बनाउनुहुन जानकारी गराउँछु ।

बुटवलको उन्नति र प्रगतिका निम्ति सहकार्य गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई पुनः हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक र रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दै सधै बुटवलको सेवकका रुपमा रहेर जनताप्रति उत्तरदायी हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद

जय नेपाल २०८२ असार ५ गते ।

खेलराज पाण्डेय

प्रमुख, बुटवल उपमहानगरपालिका

बुटवल, रुपन्देही ।

प्रस्ताव न. १७.२.२

महालेखा परीक्षकको प्रतिवेदन अनुसारको बेरुजु फर्छ्यौट, नियमित एवं सम्परीक्षण सम्बन्धमा।

निर्णय नं. १७.२.२

आजको यस सम्मानित सभाको दोश्रो बैठकको कार्यसूची नं. २ अन्तरगत रहेको बुटवल उपमहानगरपालिकाको विगत आर्थिक बर्ष २०७७/०७८ देखि आर्थिक बर्ष २०८०/०८१ सम्मको महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका बेरुजुहरुका सम्बन्धमा लेखा समितिले फिल्ड निरिक्षण, स्रेस्ता अध्ययनगरी सोसम्बन्धमा बसेको बैठकको निर्णय उपर दफावार छलफल भई बैठकको निर्णयहरुबाट तपसिल बमोजिमका बेरुजु दफाहरु नियमित, फर्छ्यौट एवं सम्परिक्षणका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०८२/०३/०४ मा बसेको १८ औं बैठकको निर्णय नं १८.१०.२ बाट समेत नियमित, फर्छ्यौट एवं सम्परीक्षणका लागि सिफारिस भई आएको हुदा देहाय बमोजिमको हुने गरी विभिन्न आर्थिक बर्षहरुको बेरुजु दफाहरु नियमित, फर्छ्यौट एवं सम्परिक्षण सम्बन्धी प्रस्ताव सभाध्यक्ष ज्यूबाट सम्मानित सभा समक्ष प्रस्तुत हुँदा सर्वसम्मति भएकोले पारित गर्ने निर्णय गरियो।

तपशिल

1. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ५ (कार्यसम्पादन भन्दा बढी भुक्तानी) बेरुजुको सम्बन्धमा**

   **निर्णयः**

   उल्लेखित बेरुजु दफा बमोजिम भवानी मा.वि. र नयाँगाउँ माध्यमिक विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत दुइ कोठे भवन निर्माणका लागि विद्यालयहरुसँग सम्झौता गरी सम्झौतामा उल्लेख भए बमोजिम कार्य सम्पन्न गरि सो कार्यको प्राविधिक नापजाँच एवं मुल्याङ्कनको आधारमा जाँचपास तथा फरफारक भएर सम्बन्धित विद्यालयलाई भुक्तानी गरिएको हुदा उक्त बेरुजु नियमित तथा फर्छ्यौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छ्यौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छ्यौट गरिएको रकम रु.२,६४,२३४।००**

2. **आ.ब.२०७७/७८ को बेरुजु दफा नं ७.१ (CUG सेवाका लागि भुक्तानी) बेरुजुको सम्बन्धमा**

   **निर्णयः**

   बेरुजु दफामा उल्लेख भए बमोजिम सम्बन्धित विद्यालयहरुलाई उपलब्ध गराइएको अनुदान रकमबाट भएको खर्च रकमको विल भर्पाइ प्राप्त भएको एवं खर्च हुन नसकेको रकमको बेरुजु शीर्षकमा जम्मा गरेको भौचर प्राप्त भएको हुदा उक्त बेरुजु लाई लेखा समितिवाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित तथा फर्छ्यौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छ्यौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छ्यौट गरिएको रकम रु.७५,१७,६२५।००**

३. **आर्थिक वर्ष २०७७।०७८ को बेरुजु दफा नं ७.२ को सम्बन्धमा निर्णयः**

बेरुजु दफामा उल्लेख भए बमोजिम सम्बन्धित विद्यालयहरुबाट उपलब्ध गराइएको अनुदान रकमबाट भएको खर्च रकमको विल भर्पाइ प्राप्त भएको एवं खर्च हुन नसकेको रकमको बेरुजु शीर्षकमा जम्मा गरेको भौचर प्राप्त भएको भनि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.२,४६,०००।००**

४. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ८ (बढी निकासा) बेरुजुको सम्बन्धमा निर्णयः**

बेरुजु दफा ८ मा उल्लेख भए बमोजिमका विद्यालयहरुबाट दिवा खाजा व्यवस्थापन गरी विद्यार्थीहरुलाई दिवा खाजा खुवाउनु पर्नेमा विद्यार्थी तथा अभिभावकलाई नगद वितरण गरेको भर्पाई प्राप्त भएको र विद्यालयहरुलाई दिवा खाजा व्यवस्थापन गर्दा कार्याक्रम कार्यान्वय पुस्तिकामा भएको व्यवस्था पनी अनिवार्य रुपमा पालना गर्ने गरी व्यवस्था मिलाउन बुटवल उपमहानगरपालिकाले गत आर्थिक बर्ष देखी नै विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम दिवा खाजा व्यवस्था गर्नु पर्ने व्यवस्था मिलाउने र त्यस्तो व्यवस्था नगर्ने विद्यालयलाई दिवा खाजा वापतको रकम उपलब्ध नगराएको हुदा उक्त वेरुजु नियमित र फर्छयौट गर्ने गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम** रु.३,४४,९८०।००

५. **आर्थिक वर्ष २०७७।०७८ दफा नं १०(प्रोत्साहन सुविधा) बेरुजुको सम्बन्धमा निर्णयः**

बुटवल उपमहागनरपालिकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८६ (२) बमोजिम कर्मचारीहरुलाई प्रोत्साहन गरी कर्मचारीहरुको कार्य सम्पादन क्षमतामा वृद्धी गर्ने उद्देश्यले बुटवल उपमहानगरपालिकाले कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७५ स्वीकृत गरी सोही बमोजिम नै आन्तरिक श्रोत व्यवस्थापन बाट प्रोत्साहन भत्ता उपलब्ध गराउदै आएको हुदा उक्त बेरुजु नियमित तथा फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.१,५७,७५,८९६।००**

६. **आर्थिक वर्ष २०७७।०७८ दफा नं १६ (पेश्की वाँकी) बेरुजुको सम्बन्धमा निर्णयः**

बेरुजुमा उल्लेख भए बमोजिमको तपसिलको पेश्की बाँकी रकम विल, भरपाइ, प्राविधिक प्रतिवेदनका आधारमा विभिन्न आर्थिक बर्षमा फर्छयौट भई चालु आर्थिक वर्षमा पेश्की बाँकीको नभएको हुदा उक्त पेश्की बेरुजु रकम नियमित गरी फर्छयौटका गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त

बेरुजु नियमित गरी फर्छ्यौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छ्यौट गरिएको रकम रु.८,४९,८९,६००।००**

तपसिल:

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम | फर्छ्यौट विधि |
|---|---|---|---|---|---|
| ३२ | ०५/२८/२०७७ | सेवा निवृत्तको औषधि उपचार | चिते दमाई | १००००० | अबकास हुदा उपदानवाट कटाइ फर्छ्यौट गरिएको |
| ८० | ०६/२८/२०७७ | उज्यालो सहर कार्यक्रम | टिकाराम न्यौपाने | ५५७६०० | विल भरपाइवाट फर्छ्यौट गरिएको |
| १५७ | ०७/०२/२०७७ | सेवा निवृत्तको औषधि उपचार | शिव नारायण शाह | ३००००० | अबकास हुदा उपदानवाट कटाइ फर्छ्यौट गरिएको |
| २४७ | ०३/२२/२०७८ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | गितादेवी पाण्डेय | १५८००० | विल भरपाइवाट फर्छ्यौट गरिएको |
| २५३ | ०३/२२/२०७८ | पोषण संवेदनशील (खानपानी तथा सरसफाई, कृषि, पशु विकास, महिला बालबालिका, शिक्षा, शासकीय प्रबन्ध क्षेत्र) का कार्यक्रमहरु संचालन | गितादेवी पाण्डेय | ७००००० | विल भरपाइवाट फर्छ्यौट गरिएको |
| ९९२ | ०२/१९/२०७८ | जलाधार संरक्षण सहकार्य तिनाउ गाँउ पालिका | तिनाउ गाँउपालिका | १०००००० | तिनाउ गाउँपालिकामा महालेखा परिक्षकको कार्यालयले दिएको प्रतिवेदनको आधारमा फर्छ्यौट |
| ४९ | ०६/११/२०७७ | कालिका पथ विद्युत लाईन विस्तार | नेपाल विद्युत प्राधिकरण बुटवल वितरण कुन्द्र | २६००००० | प्राविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट गरिएको |

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम | फर्छयौट विधि |
|---|---|---|---|---|---|
| २२ | ०२/२३/२०७८ | रोटरी क्लव अफ बुटवल रोटरी क्यान्सर स्क्यानिङ्ग एण्ड डाइग्नेस्टिक सेन्टर (Seed Money) वडा नं ११ | लुम्बिनी प्रादेशिक अस्पताल | २०००००० | प्राविधिक प्रतिवेदनका आधारमा फर्छयौट गरिएको |
| ५४४ | ०२/२३/२०७८ | रोटरी क्लब अफ बुटवल क्यान्सर स्क्यानिङ्ग उपकरण खरिद | लुम्बिनी प्रादेशिक अस्पताल | ५००००० | प्राविधिक प्रतिवेदनका आधारमा फर्छयौट गरिएको |
| ६२ | ०३/२९/२०७८ | मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम | सिद्धबाबा बाख्रापालन समुह | २८५००० | विल भरपाइ र शाखा सिफारिसका आधारमा फर्छयौट |
| ६४ | ०३/३०/२०७८ | मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम | सिद्धबाबा बाख्रापालन समुह | ८३४००० | विल भरपाइ र शाखा सिफारिसका आधारमा फर्छयौट |
| ६६ | ०३/३०/२०७८ | मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम | सिद्धबाबा बाख्रापालन समुह | २१,००० | विल भरपाइ र शाखा सिफारिसका आधारमा फर्छयौट |
| २६२ | ०९/२६/२०७७ | बेसक्याम्प पुल निर्माण वडा नं ७ र ८ जोडने | गणेश एण्ड सन्स कन्ट्रक्सन | २१९००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |
| ३२३ | १०/२८/२०७७ | श्रवणपथ आन्तरिक वाइपास वडा नं ६ ७ र ८ | कविन्द्र सिद्धार्थ दर्शन जे.भी | २९०००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |
| ३८६ | १२/०४/२०७७ | श्रवणपथ आन्तरिक वाइपास वडा नं ६ ७ र ८ | कविन्द्र सिद्धार्थ दर्शन जे.भी | २१०००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फ़र्छयौट |
| ३९१ | १२/०४/२०७७ | बटौली युद्ध संग्रहालय | शिवशक्ती कन्स्ट्रक्सन कं. प्रा. ली. | ६८९२००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |
| ४४६ | १२/२६/२०७७ | बेसक्याम्प पुल निर्माण वडा नं ७ र ८ जोडने | गणेश एण्ड सन्स कन्ट्रक्सन | ८९६००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |

| श्रौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम | फर्छ्यौट विधि |
|---|---|---|---|---|---|
| ५१४ | ०१/०९/२०७८ | प्रशासकीय भवन फर्निचर तथा फर्निसिङ्ग | शिवशक्ती - न्यु टेक्निकल जे. भी. | १२८००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| ५१७ | ०१/१९/२०७८ | ट्रान्सपोर्ट भिलेज पूर्वाधार | शुभ कन्स्ट्रक्सन प्रा. ली. | ३४००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| ५३८ | ०२/१९/२०७८ | बटौली युद्ध संग्रहालय | शिवशक्ती कन्स्ट्रक्सन कं. प्रा. ली. | ६८९५००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| ५५४ | २०७८/०२/३१ | ट्रान्सपोर्ट भिलेज पूर्वाधार | शुभ कन्स्ट्रक्सन प्रा. ली. | ३४००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| ५७० | ०३/०४/२०७८ | बैठौलिया कपरकट्टी ताल अन्य निर्माण कार्य | लोहनी एण्ड ब्रर्दश मामा कन्स्ट्रक्सन जे.भी. | २८००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| २० | ०३/०७/२०७८ | वाउण्ड्री वाल निर्माण | शिवशक्ती - उमा एण्ड कम्पनी - कालिका जे. भी. | ४१०७००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| ५९५ | ०३/०८/२०७८ | विभिन्न सम्पुरक तथा म्याचिंग | गितान्जलि एशियाटिक जे.भी. | ३५००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| ६१४ | ०३/१०/२०७८ | संगम पथ सडक सुधार | एशियाटिक रिजाल जेभी | १४६८००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |
| २५ | ०३/१६/२०७८ | वाउण्ड्री वाल निर्माण | शिवशक्ती - उमा एण्ड कम्पनी - कालिका जे. भी. | ४१०७००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छ्यौट |

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम | फर्छयौट विधि |
|---|---|---|---|---|---|
| ६८७ | ०३/२०/२०७८ | विभिन्न सम्पुरक तथा म्याचिंग | गितान्जलि एशियाटिक जे.भी. | ४४५०००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |
| ६९९ | ०३/२१/२०७८ | प्रशासकीय भवन फर्निचर तथा फर्निसिङ्ग | शिवशक्ती - न्यु टेक्निकल जे. भी. | १२८००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |
| ७०१ | ०३/२१/२०७८ | बैठौलिया कपरकट्टी ताल अन्य निर्माण कार्य | लोहनी एण्ड ब्रर्दश मामा कन्स्ट्रक्सन जे.भी. | २२००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |
| ८७६ | ०३/२९/२०७८ | मर्मत सम्भार कोष | ओसिन निर्माण सेवा | १०००००० | विल भरपाइ र प्रविधिक प्रतिवेदनका आधारमा फर्छयौट |

**७. आर्थिक वर्ष २०७७।०७८ दफा नं २६ (प्रोभिजनल सम) बेरुजुको सम्बन्धमा निर्णयः**

उल्लेखित बेरुजु दफामा भए बमोजिम प्रोभिजनल सम बराबरको कर बिजक निर्माण व्यवसायीबाट जारी नहुने तथा उक्त प्रोभिजनल सम बराबरको रकम निर्माण व्यवसायीबाट प्रोभिजनल सममा उल्लेख भएको आइटमहरुको कार्य गर्दा भएको खर्च रकमको कर बिजक पेश भई सोही बिलका आधारमा भुक्तानी दिइएको हुदा उक्त बेरुजु नियमित तथा फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.२,३७,१२८।००**

**८. आर्थिक वर्ष २०७७।०७८ दफा नं २७.१ (बढि दरमा भुक्तानी) बेरुजुको सम्बन्धमा निर्णयः**

बेरुजुमा उल्लेख भए बमोजिमको कार्य उपभोक्ता समिति मार्फत उपभोक्ताको लागत सहभागितामा निर्माण भएको र उक्त कार्य उपमहानगरपालिकाको स्वीकृत दररेट बमोजिम लागत अनुमान तयार भइ सोही बमोजिम नै उपभोक्ता समिति सँग सम्झौता भई निर्माण गरिएको हो । उक्त फाइलमा संलग्न प्राविधिक मुल्याङ्कन, कार्य स्विकार प्रतिवेदन, नापि किताब एवं उपभोक्ताबाट भएको कार्यको बिलमा तोकीए बमोजिम नै कार्य भएको र सोही बमोजिम नै उपभोक्ता समितिलाई भुक्तानी गरिएको साथै उक्त उपभोक्ता समिति सोही निर्माण कार्यको लागि मात्रै गठन भएको र उक्त उपभोक्ता समिति समेत कार्य सम्पन्न भइ सेक पश्चात स्वतः विघटन भएको हुदा उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा

समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१,४०,६४९।००**

## ९. आर्थिक वर्ष २०७७।०७८ दफा नं २७.२ (बढि दरमा भुक्तानी) बेरुजुको सम्बन्धमा निर्णयः

बेरुजुमा उल्लेख भए बमोजिमको कार्य उपभोक्ता समिति मार्फत उपभोक्ताको लागत सहभागितामा निर्माण भएको हो । र उक्त कार्य उपमहानगरपालिकाको स्वीकृत दररेट बमोजिम लागत अनुमान तयार भइ सोही बमोजिम नै निर्माण भएको हो । उक्त फाइलमा संलग्न प्राविधिक मुल्याङ्कन प्रतिवेदन एवं कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा नै कार्य भएको हुदा कार्यको नापजाँच गरी भुक्तानी गरिएको हो। उक्त कार्यको लागत अनुमान गर्दा उपमहानगरपालिकाको स्वीकृत नगर दररेट जिल्ला दररेट एवं दर विलेशषण बमोजिम तयार भएको र सोही अनुसार नै कार्य गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भई कार्य भएको हुदा पेश गरेको प्राविधिक मुल्याङ्कन लाई मुख्य आधार मानि भुक्तानी गरिएको हो । लेखा परिक्षण प्रतिवेदनमा औल्याइए बमोजिमको विलको रकम लाई ल.इ. को दर विश्लेषणसंग भिडान गरी भुक्तानी गर्ने कार्य आगामी दिनमा पुर्ण रुपमा कार्यान्वयन गर्ने गरि उक्त बेरुजु फर्छयौट एवं समपरिक्षण गर्ने गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.५,२३,३९३।००**

## १०. आर्थिक वर्ष २०७७।०७८ दफा नं ३३ (कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने) बेरुजुको सम्बन्धमा निर्णयः

उपर्युक्त दफामा उल्लेख भए बमोजिमको संस्थाहरुबाट भौतिक निर्माण कार्यको लागि भुक्तानी दिइएकोमा उक्त संस्थाहरुबाट निर्माण कार्यको प्रगती प्रतिवेदन एवं नापी किताव र कार्य सम्पन्न प्रतिवदेन प्राप्त भइ सम्बन्धित फाइलमा समावेश गरिएको छ । लेखा समितिको बैठक बसि कालिका मानवज्ञान माध्यमिक बिद्यालय र हाटवजार निर्माण उपभोक्ता समितिका कागजात अध्ययन गरि लेखा परिक्षणमा औल्याइएका कागजात समावेश गराई उक्त बेरुजु रकम फर्छयौट एवं समपरिक्षण गर्ने गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१,०८,००,०००।००**

## ११. आर्थिक वर्ष २०७७।०७८ दफा नं ३६ (घटि जनसहभागिता) बेरुजुको सम्बन्धमा निर्णयः

बेरुजु दफामा उल्लेख भए अनुसार लागत अनुमानमा रहेको जनसहभागिताको प्रतिशतका आधारमा कार्य सम्पन्न प्रतिवेदन बमोजिम कामको मुल्यांकन अनुसार सहभागिता रकम यकिन गरि जनसहभागिताको प्रतिशतवाट हुन आउने रकम घटाई बाकी रकम मात्र भुक्तानी गर्ने हाल कार्य पूर्ण रुपमा

कार्यान्वयनमा ल्याइएकोले बेरुजु दफामा उल्लेख भएका उपभोक्ता समितिहरु कम्युनिष्ट संग्राहलय, प्रगति मा.बि. र मैनापुरदेखि विनायकपुरको कालोपत्रे वडा १५ को निर्माण कार्यमा भएको कम जनसहभागिताको रकम नियमित एवं फर्छयौट गर्ने लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१,०७,१७४।००**

१२. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ३७ (Black top को स्टेन्डर्ड स्पेसिफिकेशनमा फरक पारी बढी भुक्तानी ) बेरुजुको सम्बन्धमा निर्णयः**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र निर्माण कार्यहरु मध्ये कालोपत्र सडक निर्माण कार्यको ट्याक कोटको Analysis of Summary Sheet मा प्रति व.मि. ०.६ लिटर लाग्ने भनी प्रति व .मि ०.६ लिटर राखि Rate कायम गरिएको र सोही बमोजिम नै Bill मा प्रति व.मि १ लिटर नभएर ०.६ लिटर प्रति व.मि भएको छ । उपमहानगरपालिकाले उक्त कार्यमा उपमहानगरपालिकाको दररेट, स्वीकृत जिल्ला दररेट लाई नै आधारमानी बनाएको हो । लागत अनुमान र मुल्यांकनमा नगर दररेट बमोजिमको आधारमा दर बिश्लेषण गरिएकोले उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१६,२६,४१०।००**

१३. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ३९ (वास्तविक बिल भन्दा बढी परिमाणमा भुक्तानी) बेरुजुको सम्बन्धमा निर्णयः**

बुटवल उपमहानगरपालिकाले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिबाट विभिन्न किसिमका निर्माण कार्यहरु गराउदै आएको छ । उपभोक्ता समितिबाट भएको कार्यको सम्बन्धमा सम्बन्धित प्राविधिकबाट स्थलगत नाप जाँच गरी सोही अनुसार मुल्यांकन प्रतिवेदन, नापि किताव र कार्य सम्पन्न प्रतिवेदन तयार भइ सोही बमोजिम नै भुक्तानी भएको छ । बेरुजु दफामा उल्लेख भएको वास्तविक विल भन्दा बढी परिमाणमा काम गरि भुक्तानी भएको सन्दर्भमा पालिकाले भुक्तानी गर्दा उपभोक्ता समितिबाट भएको कामको सन्दर्भमा समेत प्राविधिक मुल्याङ्कन र नापी कितावलाई आधार मान्ने र त्यसको सपोर्टिङ्ग को रुपमा विल भर्पाईलाई लिने गर्दा त्यस्तो देखिन गएको हो । लागत अनुमान बमोजिम कार्य सम्पन्न गरेको र सो को मुल्यांकन गर्दा उक्त रकम बराबरको काम भएको प्राविधिक प्रतिवेदन प्राप्त भएकोले सरकारी हानी नोक्सानी भएको देखिएको छैन । आगामी दिनमा यस तर्फ सम्बन्धित प्राविधिकलाई जानकारी गराउने गरी उक्त बेरुजु रकम नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.४,१३,५८३।००**

१४. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ४०.३ (नन फाइलर) बेरुजुको सम्बन्धमा निर्णय:**
बेरुजु दफामा उल्लेख भए बमोजिमको निर्माण व्यवसायीले कर विवरण दाखिला गर्ने एवं कर चुक्ता गर्ने दायित्व सम्बन्धित निर्माण व्यवसायीको हुन्छ यस कार्यलयले तोकेको मापदण्ड बमोजिम निर्माण कार्य गरेको छ । यहाँ उल्लेखित विषयमा निर्माण व्यवसायीहरु स्वयं जिम्मेवार हुने पर्ने हुन्छ । साथै उपमहानगरपालिकाले आगामी दिनमा विभिन्न कार्यहरु गर्दा आन्तरिक राजश्व कार्यालयमा ननफाइलर नरहेका व्यवसायीहरुबाट मात्र कार्य गराउने व्यवस्था मिलाउने गरी उक्त बेरुजु नियमिति एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.५०,७३०।००**

१५. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ४२.३ (बिमा भुक्तानी) बेरुजुको सम्बन्धमा निर्णय:**
बुटवल उपमहागनरपालिकाले मध्ये पश्चिम पृतना हेडक्वारलाई गेट देखी हेलिप्याड सम्म वेस कोर्स गर्ने कार्यको लागि लाग्ने कुल रकम मध्ये बुटवल उपमहानगरपालिकाको निर्णयानुसार यस उपनगरपालिकाबाट जम्मा रु२०००००।०० मात्र भुक्तानी गरिएको हो । बेरुजु दफामा उल्लेख गरे बमोजिम भौचर नं १०४ बाट ५ लाख भुक्तानी नभइ पृतना द्वारा भएको कार्यमा नगरपालिकाको तर्फबाट रु २ लाखको सहभागिता मात्र भएको हो। उक्त रकम पनि स्रोतमा कर कट्टी गरी मध्य पश्चिम पृतना हेड क्वाटरको नाममा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी भइ सोही संस्थाको खातामा जम्मा भइ खर्च भएको हुदा उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.३३,९५९।००**

१६. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ४४ (धरौटी फिर्ता खर्च) बेरुजुको सम्बन्धमा निर्णय:**
धरौटी फिर्ता सम्बन्धि बेरुजुमा उल्लेख भए अनुसार उपमहानगरपालिका कार्यालयबाट धरौटी रकम फिर्ता गर्दा अनिवार्य रुपमा कर चुक्ता र कर समायोजनको पत्र समावेश गरी कर चुक्ता र कर समायोजन भएको अवस्थामा मात्र धरौटी फिर्ता दिने व्यवस्था मिलाउने गरी उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.६,४४,९७६।००**

१७. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ४५ (प्रशासनिक भवन निर्माण) बेरुजुको सम्बन्धमा निर्णय:**
BOQ को दफा ४८ मा उल्लेख भए बमोजिम लिफ्टको क्षमता र इन्फेक्सनको विषयमा सम्बन्धित निर्माण व्यवसायी र प्राविधिक मुल्यांकन गरि प्रमाणित भइ आए बमोजिम भुक्तानी भएकोले उक्त बेरुजु रकम नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.४८,००,०००।००**

१८. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ४६.१ (कार्यक्रम खर्च, उज्यालो सहर कार्यक्रम) बेरुजुको सम्बन्धमा निर्णय:**

नगरपालिकाले बुटवललाई उज्यालो सहर बनाउनको लागि उज्यालो सहर कार्यक्रम अन्तरगत स्वीकृत बार्षिक योजना तथा कार्यक्रममा बजेट व्यवस्था गरेको हो । उक्त कार्यक्रम मार्फत सम्पुर्ण नगर भरीका विद्युत पोलहरुमा सडक बत्ति जडान गरी उज्यालो सहर बनाउने कार्यको लागि टोल बिकास संस्थालाई नै बढी जिम्मेवार बनाइ सडक बत्ती व्यवस्थापन गर्दा नगरवासीको समेत अपनत्व कायम हुने र सडक बत्तिको सही प्रयोग हुने हुदा सम्बन्धित टोल नै जिम्मेवारी हुने गरी सडक बत्ति, तार, स्विच सबै सामग्रीको एकमुष्ट वार्षिक प्रतिपोल रु ४०० का दरले रकम उपलब्ध गराइएको र सो रकम बाट सम्बन्धित टोलहरुले आफ्नो टोलको सडक बत्ति सम्बन्धि मर्मत सम्भार लगायतका सम्पुर्ण कार्यहरु गर्ने गरि व्यवस्थापनको जिम्मा दिइएको हो । उक्त रकम सम्बन्धित टोल विकासलाई वडा सचिव मार्फत उपलब्ध गराइएको र टोल बिकास संस्थाले किनेका सामानको विल भरपाइ सम्बन्धित टोलमा नै रहने भएको हुदा उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.३९,०९,२००।००**

१९. **आर्थिक वर्ष २०७७।०७८ दफा नं ४७.१(बक्यौता असुली) बेरुजुको सम्बन्धमा निर्णय:**

बेरुजुको दफामा उल्लेख भएको सबै फर्म व्यवसायीहरुबाट भुक्तानी गर्नु पर्ने सम्पुर्ण बक्यौता रकम असुली भइ सकेको हुदा उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१,३८,८४,९५८।००**

२०. **२२.आर्थिक वर्ष २०७७।०७८ दफा नं ४७.२ (शटर भाडा) बेरुजुको सम्बन्धमा निर्णय:**

उल्लेखित बेरुजुको दफामा उल्लेख भएको सबै व्यक्तिहरुबाट भुक्तानी गर्नु पर्ने सम्पुर्ण बक्यौता रकम असुली भइ सकेकोले उक्त बेरुजु रकम नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१७,२५,७२६।००**

२१. **आर्थिक बर्ष २०७८।०७९ बेरुजु दफा नं.२३ (बढि तलब समायोजन) को बेरुजु सम्बन्धमा निर्णय :**

बेरुजु दफामा उल्लेख भए अनुसारको संघीय सरकारवाट प्राप्त हुने शसर्त अनुदान अन्तरगत कर्मचारीहरुको तलब भत्ता रकम शुरु विनियोजन रकमबाट अपुग भएको हुदा सोही प्रकृतीका

कर्मचारीहरलाई आन्तरिक श्रोतबाट श्रोत सापटी व्यवस्थापन गरी तलब भत्ता भुक्तानी गरिएको र संघीय सरकारबाट थप बजेट प्राप्त भए पश्चात सापटी हिसाव मिलान गर्दा संघीय सरकारको श्रोतबाट तलब श्रोत भुक्तानी भएको र सो सम्बन्धमा महालेखा परिक्षकबाट औल्याइएको रकम सापटी भन्दा बढि भुक्तानी दिएको भनि कैफियत उल्लेख भएकोले सो रकम संघिय सरकार बेरुजु खातामा दाखिला गरिएको भौचर समेतका आधारमा नियमित एवं फर्छयौट गर्ने गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१०,५५,६११।००**

२२. **आर्थिक बर्ष २०७८।०७९ बेरुजु दफा नं.२४ (करार कर्मचारीलाई सुविधा) को बेरुजु सम्बन्धमा निर्णय:**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाले स्विकृत गरेको करारमा प्राविधिक कर्मचारी छनौट सम्बन्धि कार्यविधि बमोजिम खुल्ला प्रतिष्पर्धाको माध्यमबाट कर्मचारी छनौट गरी सोही बमोजिम नै करार सम्झौता गरी करार सम्झौतामा उल्लेख भए बमोजिम नै कर्मचारीहरुलाई मासिक महंगी भत्ता र बार्षिक पोशाक भत्ता एवं चाडपर्व खर्च उपलब्ध गराइएको हुदा उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.२०,२७,२१०।००**

२३. **आर्थिक बर्ष २०७८।०७९बेरुजु दफा नं.२८ (स्थानिय पाठयपुस्तक खरिद) को बेरुजु सम्बन्धमा निर्णय:**

नगरपालिकाले विद्यार्थी संख्या यकिन गरि त्यसका आधारमा विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम उपलब्ध गराइएको थियो । यस उपमहानगरपालिकाको स्थानीय पाठ्यपुस्तक खरीदको लागि संघीय सरकार सशर्त अनुदान श्रोत बाट विद्यालयहरुलाई निकासा दिएकोले सो रकम संघीय सरकारको बेरुजु खातामा दाखिला गरी उक्त बेरुजु नियमित एवं फर्यौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो । **नियमित एवं फर्छयौट गरिएको रकम रु.१५,४०,७५१।००**

२४. **आर्थिक बर्ष २०७८।०७९बेरुजु दफा नं.३० (राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम) को सम्बन्धमा निर्णय:**

बेरुजु दफा ३० मा उल्लेख भए बमोजिका ३ वटा विद्यालयहरुले स्विकृत लागत अनुमान बमोजिमको कार्य सम्पन्न गरी उपभोक्ता समितिवाट निर्णय गराइ रकम माग गरेको साथै प्रमाणित प्राविधिकको मुल्याङ्कन, उपभोक्ता सम्बन्धि बिल, कार्य स्वीकार प्रतिवेदन एवं नापी किताव समेतका आधारमा भुक्तानी गरिएको र हाल लेखा समितिले उक्त कार्यको श्रेस्ता एवं स्थलगत अनुगमनबाट समेत उक्त कार्य

तोकिए बमोजिम भएको हुदा बेरुजु नियमित एवं फर्छ्यौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.७२,००,०००|००**

२५. **आर्थिक बर्ष २०७८|०७९ बेरुजु दफा नं.३२ (विद्यालयलाई लाईब्रेरी व्यवस्थापन) बेरुजुको सम्बन्धमा निर्णय:**

बेरूजु दफामा उल्लेख भए बमोजिम १२ वटा विद्यालयहरुलाई विद्यालयको आवश्यकता र औचित्यताको आधारमा संघीय सरकारबाट प्राप्त शसर्त अनुदान अन्तरगतको ९१ लाख बुटवल उपमहानगरपालिकाको शिक्षा समितिको सिफारिस समेका आधारमा उपलब्ध गराइ कार्य भएको र विनियोजित रकमबाट भए गरेको कामहरु विज्ञान प्रयोगशाला र ICT ल्यावको काम खरिदको क्रममा र कार्य सम्पन्न पश्चात पनि शिक्षा शाखाबाट अनुगमन भइ भुक्तानीको लागि सिफारिस भए अनुसार रकम भुक्तानी भएको र हाल उल्लेखित १२ वटा विद्यालयमा गइ लेखा समितिले अनुगमन गर्दा समेत काम भएको देखिएको उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.९१,००,०००|००**

| सि.नं | विद्यालय | विज्ञान प्रयोगशाला | ICT | जम्मा |
|---|---|---|---|---|
| १ | श्री ज्ञानोदय मा.वि, वुटवल-५ | ६५००००|- | ६५००००|- | १३०००००|- |
| २ | श्री लक्ष्मी मा.वि, वुटवल-४ | - | ६५००००|- | ६५००००| |
| ३ | श्री प्रगती मा.वि, वुटवल-११ | - | ६५००००|- | ६५००००| |
| ४ | श्री वुटवल मा.वि, वुटवल-१ | ६५००००|- | ६५००००|- | १३०००००|- |
| ५ | श्री कालिका मानवज्ञान मा.वि, | - | ६५००००|- | ६५००००| |
| ६ | श्री उजिर सिंह मा.वि. | ६५००००|- | - | ६५००००| |
| ७ | श्री जनता मा.वि. | ६५००००|- | - | ६५००००| |
| ८ | श्री मोतिपुर मा.वि. | - | ६५००००|- | ६५००००| |
| ९ | श्री तिलोत्तमा मा.वि. | - | ६५००००|- | ६५००००| |
| १० | श्री साधना मा.वि. | - | ६५००००|- | ६५००००| |
| ११ | श्री नरैनापुर आ.वि. | - | ६५००००|- | ६५००००| |
| १२ | श्री नहरपुर मा.वि. | - | ६५००००|- | ६५००००| |

| सि.नं | विद्यालय | विज्ञान प्रयोगशाला | ICT | जम्मा |
|---|---|---|---|---|
| | जम्मा | २६०००००।- | ६५०००००।- | ९१०००००।- |

२६. **आर्थिक बर्ष २०७८।०७९ बेरुजु दफा नं.३३ (छात्रवृती) को सम्बन्धमा निर्णय:**

यस उपमहानगरपालिका अन्तरगत रहेका उल्लेखित ३ वटा विद्यालयले IEMIS मा डाटा प्रविष्टी गरेको भएता पनि केहि विद्यार्थीहरुको डाटा प्राविष्टिमा प्राविधिक समस्या उत्पन्न भएको कारणले वास्तविक संख्या IEMIS मा देखिएन जसको कारण बास्तविक संख्या र सिस्टमको संख्या फरक परेको देखिएको हो। वास्तविक विद्यार्थीको संख्याको आधारमा तराईको प्रति विद्यार्थी दलित छात्रवृत्ती १-८ (गैर-आवासिय) को रु.४००।– र आधारभूत तहको लागि रु.५००।–का दरले हुने रकम निकासा दिइएकोले विद्यालयहरुको वास्तविक विद्यार्थी भन्दा बढी रकम निकासा नभएकोले उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.२,६१,८००।००**

२७. **आर्थिक बर्ष २०७८।०७९ बेरुजु दफा नं.३४ (प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ) सम्बन्धमा निर्णय:**

यस उपमहानगरपालिका अन्तरगत रहेका कालिका मानवज्ञान र कान्ति माध्यमिक बिद्यालयले IEMIS मा डाटा प्रविष्टी गरेको भएता पनि केहि विद्यार्थीहरुको डाटा प्राविष्टिमा प्राविधिक समस्या उत्पन्न भएको कारणले वास्तविक संख्या IEMIS मा देखिएन जसको कारण बास्तविक संख्या र सिस्टमको संख्या फरक परेको देखिएको हो। शिक्षण सिकाई सामाग्री तथा BOOk CORNER व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १-५ को लागि रु.१५०।-, शिक्षण सिकाई सामाग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ६-८ को लागि रु.२००।-र कक्षा ९-१० को लागि रु.२००।-का दरले हुने एकमुष्ठ रकम वास्तविक विद्यार्थीको संख्याको आधारमा विद्यालयको खातामा निकासा दिने र सोहि अनुसार तोकिएको क्रियाकलाप विद्यालयले सम्पन्न गर्ने भएकोले यस उपमहानगरपालिकाले त्यस बर्ष सो कार्यक्रमको लागि गो.भौ.१०८।०७८।११।२९ बाट रु.१,६३,६६,४००।–खर्च लेखेको रकम बास्तविक बिद्यार्थि संख्याको आधारमा भएको भनि लेखा समितिले गरेको फिल्ड अध्ययनको आधारमा उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.३,६५,६००।००**

२८. ३०.आर्थिक बर्ष २०७८।०७९बेरुजु दफा नं.३५.२ (दिवा खाजा) को सम्बन्धमा निर्णय:

यस उपमहानगरपालिका अन्तरगत रहेका सामुदायिक विद्यालय मध्ये बेरुजु उल्लेख भएका उल्लेखित २७ वटा सामुदायिक बिद्यालयहरुले IEMIS मा डाटा प्रविष्टी गरेको भएता पनि केहि विद्यार्थीहरुको डाटा प्राविष्टिमा विद्यालयमा जनशक्ति अभाव तथा प्राविधिक समस्याको कारणले वास्तविक संख्या IEMIS मा देखिएन जसको कारण संख्या कम देखिएको हो। तथ्याङ्कको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ सोहि बमोजिम बास्तविक विद्यार्थीको हाजिरीका आधारमा रकम भुक्तानी गरिएको र हाल लेखा समितिवाट विद्यालयमा बास्तविक हाजिरि अनुगमन गर्दा समेत नियमानुसार रकम निकासा भएकोले उक्त बेरुजु रकम नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.६,९६,२३५।००**

२९. आर्थिक बर्ष२०७८।०७९ बेरुजु दफा नं.३६.१ (पाठयपुस्तक वितरण)को सम्बन्धमा निर्णय :

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ मा विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्र अनुदान रकम गो.भौ.२१०।०७९।३।१० बाट रु.१५४६८२१९ दिइएको र पुनः थप विभिन्न गोश्वारा भौचरबाट विभिन्न विद्यालयहरुलाई निकासा दिइएको हो। विद्यालयमा रहेको बास्तविक विद्यार्थी संख्याका आधारमा उनिहरुले स्वयं संख्या यकिन गरि रकम किटान गरि माग गरेको र सोहि मागका आधारमा निकासा दिईएकोले विद्यालयहरुले अनलाईन प्रोटल IEMIS मा तथ्यांक प्रविष्टि नगरेको कारण विद्यार्थीहरु मारमा पर्न नहुने सिद्धान्त बमोजिम रकम निकासा दिएकोले उक्त बेरुजु नियमित एवं फर्छयौट गर्न गरी लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.२७,९६,४४४।००**

३०. आर्थिक बर्ष२०७८।०७९ बेरुजु दफा नं.३६.२ (पाठयपुस्तक वितरण ) को बेरुजुको सम्बन्धमा निर्णय :

नगरपालिका बाट विद्यालयलाई पाठयपुस्तक अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% र बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा नपुग भएको रकम विद्यालयको माग फारमको आधारमा शिक्षा शाखावाट विवरण रुजु गरि विद्यालयको खातामा निकासा दिनुपर्ने रकम यकिन गरि प्राप्त फाइलका आधारमा उल्लेखित ५ विद्यालयहरुलाई रकम निकासा दिएकोहो। जसका लागि शिक्षा शाखावाट विल भरपाई र विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई रुजु भएकोले रकम बढी निकासा नभएकोले उक्त बेरुजु रकम नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.१०,५४,८२१।००**

**३१. आर्थिक बर्ष २०७८।०७९ बेरुजु दफानं.४१ (प्रशिक्षक भत्ता) बेरुजु सम्बन्धमा निर्णय :**

बेरुजु दफा ४१ मा उल्लेख भएको प्रस्तुती तथा प्रशिक्षण गरे वापतको भुक्तानीका सन्दर्भमा यस उपमहानगरपालिकाको आर्थिक कार्य संचालन निर्देशिका २०७८ को दफा १५को २(ख) बमोजिम स्थानीय स्तरमा उपलब्ध हुन नसक्ने सहजकर्ता एवं प्रशिक्षकको लागि प्रश्तावना बमोजिम गर्न सकिनेछ भन्ने ब्यवस्था अनुसार प्रस्तवना तयार एवं स्वीकृत गरि सोही बमोजिम कार्यालयले कार्यक्रम संचालन गरि प्रशिक्षकको रुपमा मेलमिलाप परिषदमा सुचिकृत भइ लामो समयको अनुभव प्राप्त र मेलमिलापकर्ताको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त प्रशिक्षकहरुबाट प्रशिक्षण गराइ स्वीकृत नर्म्स र प्रस्तावनाको आधारमा प्रशिक्षण शुल्क र यातायात खर्च भुक्तानी भएको हदा उक्त बेरुजु रकम नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.५१,८५०।००**

**३२. आर्थिक बर्ष२०७८।०७९बेरुजु दफा नं.४४ (स्विकृत कार्यक्रम बेगर रकम खर्च) बेरुजुको सम्बन्धमा निर्णय:**

बेरुजु दफामा उल्लेख भए बमोजिम विभिन्न योजनाहरुको ठेक्का पट्टाबाट वचत भएको रकमबाट पुन ठेक्का गरी सञ्चालन एवं सम्पन्न भएको योजनाहरुको सन्दर्भमा बेरुजु दफामा उल्लेख भएका योजनाहरु नगरसभाबाट अनुमोदन गरी उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.७१,६७,६९८।००**

**३३. आर्थिक बर्ष२०७८।०७९ को बेरुजु दफानं.४९ (कर्मचारी करार) को बेरुजुको सम्बन्धमा निर्णय:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था अनुसार करार सेवामा लिन सकिने पदहरु बाहेकका पदहरु स्थायी पदपूर्ती नभएसम्म उपलब्ध गराइएको तलब भत्ताको बेरुजु उल्लेख भएको छ। उल्लेखित स्थानिय पदहरुमा प्रदेश लोकसेवा आयोगवाट पदपुर्ति नभएको कारण सेवा प्रवाहमा समस्या सृजना भएकोले ति पदहरुमा लुम्बिनी प्रदेश लोकसेवा आयोग वाट स्थायी पद पुर्तिको लागि स्थानीय तहका कर्मचारीहरुको सेवा सर्त सम्बन्धी कानुन नबनीसकेको अवस्थाले कर्मचारीहरु स्थायी पदपूर्ती हुन नसकेको समयमा यस उपमहानगरपालिकाले नगरवासीहरुलाई सेवाप्रवाह गर्नको लागि लोकसेवा आयोगवाट स्थायि पदपुर्ति भएपछि स्वत करार सेवा अन्त हुने गरि करारमा कर्मचारीहरु व्यवस्था गरी सेवा प्रवाह गर्दै आएकोले काम गरिसकेको तलब ज्याला बापतको उक्त वेरुजु नियमित एवं फर्छयौट गर्ने गरि लेखा समितिबाट समेत निर्णय भइ आएको हुदा उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने निर्णय गरियो। **नियमित एवं फर्छयौट गरिएको रकम रु.९७,१०,५२०।००**

३४. **आर्थिक बर्ष२०७८।०७९बेरुजु दफानं.५५(कल्याण कोष) को सम्बन्धमा निर्णय :**

